# परिच्छेद : एक

# परिचय

कुनै पनि अध्ययन अनुसन्धानको पहिलो परिच्छेदमा अनुसन्धानको परिचय प्रस्तुत गरिन्छ । यसमा अध्ययनको पृष्ठभूमि, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू र अध्ययनको परिसीमा समावेश गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजाति, बहुभाषि, बहुधर्म, एवम् बहु संस्कृति भएको मुलुक हो । यहाँ ६० भन्दा वढी जात जातिहरू रहेका छन् । यी जातिहरूका आफ्नै संस्कृति र भाषा भाषिका छन् । सामाजिक तथा सांस्कृतिक दृष्टिले बसोबास गर्ने यी जाति तथा यिनका संस्कृति र संस्कारहरू नेपालका राष्ट्रिय धरोहर हुन् । ती मध्ये मगर जाति पनि एक हो । यिनीहरूले बोल्ने मगर भाषा भोटेबर्मेली भाषाबाट आएको हो । नेपालमा रहेका मगरलगायत अन्य विभिन्न्न भाषा भाषिहरूको संरक्षण गर्ने कार्यको व्यवस्थित सुरुवात भएको लामो इतिहास छैन । वि.सं. २०४७ सालमा भएको बहुदलीय व्यवस्थाको स्थापनाले पनि उत्पीडित जातिहरूको अधिकारलाई सुरक्षित गर्न सकेन । वि.सं. २०६२/२०६३ को आन्दोलन पश्चात आएको परिवर्तनले सबै जातजातिलाई समान दृष्टिकोणले व्यवहार गर्नुपर्ने अवधारणा ल्याएको छ । नेपाल धर्म निरपेक्ष मुलुक बनाउनुले पनि सबै जातजातिको अधिकारलाई सुरक्षित गर्न खोजेको छ भन्न सकिन्छ ।

वि.सं. २०५८ को भाषा तथ्याङ्कअनुसार मगरजाती भाषा तेस्रो ठूलो जातिले रहेको पाइन्छ । भोट वर्मेली परिवार भित्र पर्ने मगर जातिको ठूलो सांस्कृतिक पर्व 'बुद्धजयन्ती' हो भने डम्फु र माडल प्रसिद्ध बाजा हुन् । पश्चिमाञ्चलमा मगर जातिको समाज अशिक्षा, चरम गरीवी, भोक र रोगले ग्रस्त रहेको छ यसरी आज मगर जातिको भाषा धर्म र संस्कृति मात्र संकटमा परेको छैन जातीय पहिचान समेत संकटमा परेको छ । यसको मूल कारण यहाँका

खस जातिवादीहरू जुन सधैँ राज्यसत्ताको उच्च ओहोदामा छन् तिनीहरूको उत्पीडन नै हो (अधिकारी, २०६३) ।

शिक्षाबिनाको जीवन अन्धकारमय हुन्छ । देशको विकास त्यति बेला मात्र भएको मानिन्छ जब देशका सम्पूर्ण नागरिकहरूको जीवनस्तर वृद्धि हुन्छ । जीवनस्तर वृद्धि त्यतिखेर सम्भव छ, जतिखेर सबै शिक्षित हुनेछन् । तसर्थ प्राथमिक शिक्षा पाउनु सबै व्यक्तिको अधिकार पनि हो भने कम्तीमा पनि माध्यमिक तहसम्मको शिक्षाको अवसर अबको सन्दर्भमा अनिवार्य भइसकेको छ । वर्तमान सन्दर्भमा हेर्दा मगर समुदायका धेरै जसो बालबालिका शिक्षाबाट वंञ्चित छन् । यिनीहरू शिक्षाबाट वञ्चित हुनुमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक कारणहरू छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय शैक्षिक संघसंस्था, सरकार र निजी क्षेत्रवाट शिक्षाको विकासका लागि ठूलो लगानी भए तापनि मगर जस्ता शिक्षामा पछि परेका जातिहरूको शिक्षामा सहभागिता अझै सन्तोषजनक पाइँदैन ।

नेपालको अन्तरिम संविधान २०६३ ले प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भन्ने उल्लेख गरे अनुरूप प्राथमिक शिक्षा आफ्नो मातृभाषामा हासिल गर्ने बाटो खुला गरिदिएको छ । राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ (२००२) ले आफ्नो भाषाको माध्यममा शिक्षा दिनुपर्ने अल्पसंख्यक बालबालिकाहरूको आवश्यकतालाई पहिचान गरी मान्यता दिएको छ । शिक्षा ऐन, सातौं संशोधनले प्राथमिक स्तरका कक्षाहरू मातृभाषा प्रयोग गरी सञ्चालन गर्ने गरेको व्यवस्था देशभरका आदिवासी तथा अल्पसङ्ख्यक भाषिक समुदायका बालबालिकाहरूको शैक्षिक आवश्यकता परिपुर्तिका लागि चालिएको एउटा महत्वपूर्ण पाइला हो । शिक्षा मन्त्रालयले प्राथमिक विद्यालयहरूमा मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा जोड दिएको सामग्री सहायता तथा शिक्षक तालिमको व्यवस्था मार्फत् पाठ्यक्रमसम्बन्धी आवश्यकता परिपूर्तिका लागि नीतिगत उद्देश्यहरू पनि निर्धारण गरेको छ । राष्ट्रिय कार्य योजना (२०६३) ले सबै बालबालिकाहरूका लागि आधारभूत तथा प्राथमिक शिक्षाको अधिकार र उनीहरूलाई

शिक्षाका औपचारिक तथा अनौपचारिक माध्यम मार्फत् विद्यालयको गुणस्तरीय शिक्षामा समन्वयिक पहुँच हुने परिकल्पना गरेकोछ ।

काठमाडौं उपत्यकाको बुढानिलकण्ठको दक्षिणपूर्वतिर बानियाँपाखा र पण्डित गाउँको बीचमा रहेको धोवी खोलामा लेलिनग्राढ विश्वविद्यालय पुरातत्व विभागका प्रागैतिहासिक पुरातत्वविद् डा.एनातोली याकोब्लेभसेतेन्कोबाट भएको उत्खनन्ले मंगोलियाका गोवी नमुनाका ढुङ्गे उपकारण काठमाडौंमा फेलापरेबाट पाषाणयूगीय मंगोलीयनहरू तिब्बत र हिमालयपार गरी नेपाल आइपुगेको र इसापूर्व ३०,००० वर्ष भन्दा पहिलेदेखि नै मंगोलहरू काठमाडौं उपत्यकामा आवाद भएको अनुमान गरिएको छ । यसबाट काठमाडौंमा सबभन्दा पहिले मंगोलमुलका मानिसहरू बसेका थिए । धेरै विद्वान्हरूले पश्चिम क्षेत्रको पहिलो वासिन्दा मगर हुन् र पछि प्रवेश गरेका समुदायसँग पराजित भए पश्चात मगरहरूले पश्चिम पर्वतीय क्षेत्रमा बसोवास गर्न थालेका हुन भनेका छन् । अहिले पनि मगरहरूको घना आवादी यसै क्षेत्रमा रहेको छ । बाह्रौ शताब्दीको ऐतिहाँसिक अभिलेख अनुसार मगर जातिको नाम समेत यही क्षेत्र वर्तमान नेपालमा प्रचलित भएको थियो । राष्ट्रिय जनगणना २०५८ मा पनि मगरहरूको बाहुल्यता भएका जिल्लामा म्याग्दी, बाग्लुङ, तनहु, पाल्पा, रोल्पा, नवलपरासी, रुकुम, प्यूठान मुख्य छन्

### १.१.१ नेपालको शैक्षिक इतिहास र मगर शिक्षा

नेपालको शैक्षिक इतिहास केलाउँदा औपचारिक विद्यालयीय शिक्षाको सुरुवात वि.सं. १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुरले विशेषतः आफ्ना छोराहरूका लागि अङ्ग्रेजी सिक्न खोलेको दरबार स्कुल भएको देखिन्छ । वि.सं. १९४२ मा देवशम्शेरले सोही विद्यालयलाई सर्वसाधरणका लागि पनि खुला गरेका थिए । वि.सं. १९९० मा पहिलोपटक एस.एल.सी. बोर्ड गठन हुँदा दरबार हाइस्कुल र पाटन हाइस्कुल गरी २ वटा मात्र हाइस्कुल थिए । यस बेलामा पनि एकआध नेवार बाहेक सबै विद्यार्थीहरू बाहुन क्षेत्री नै थिए ।

वि.सं. २००७ सालको परिवर्तन पश्चात मात्र नेपालमा आधुनिक शिक्षालाई सर्वसुलभ गर्ने ठोस प्रयासहरू भएको पाइन्छ अर्थात् यस पछि मात्र विद्यालयहरू धमाधम खोलिए ।

शिक्षाको विकास सर्वत्र गर्नु पर्दछ भन्ने विचार आयो । विभिन्न आयोग बने शिक्षा विकासले गति लिन थाल्यो । यति हुँदाहुँदै पनि सबै जात जातिको शिक्षामा उत्तिकै सहभागिता देखिएन । त्यसमा पनि मगर समुदाय त पछि नै परिरह्यो । शिक्षा सबैका लागि भनियो तर पहुँच पुग्नेले मात्रै फाइदा लिए पहुँच नपुग्ने र औपचारिक शिक्षाबाट त्यति लाभ उठाइनसकेका समुदायहरूले फाइदा लिन सकेनन् । जब वि.सं. २०४६ साल प्रजातन्त्रको पुनःप्राप्ति भयो । यसपछि मात्र सबै वर्ग, जाति लिङ्गका व्यक्तिहरूमा शिक्षाप्रति जागरण पैदा हुन थाल्यो । केही मात्रामा भएपनि अवसरको पनि सृजना भयो र बाहुन क्षेत्रीमा मात्र सीमित शिक्षा अन्य वर्ग समुदायमा पनि पुग्न थाल्यो यसको केही प्रभाव मगर समुदायमा पनि परेको देखिन्छ तर पनि नेपालमा अझै मगर लगाएतका जातिहरू शैक्षिक घेरा भन्दा टाढै छन् ।

नेपालमा शिक्षा विकासका लागि ठोस प्रयासहरू प्रजातन्त्रको प्राप्ति पछि मात्र भएको पाइन्छ । वि.सं. २००७ सालमा नेपालको कुल साक्षरता प्रतिशत २% थियो भने वि.सं. २०५८ को जनगणना अनुसार नेपालको साक्षरता ५४% थियो भने तथ्याङ्क विभाग २०६५ को सर्वेक्षणअनुसार साक्षरता प्रतिशत ६३.२% पुगेको उल्लेख गरिएको छ (के.त.वि.२०५८) । शिक्षा विकासका लागि विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरू र तिनले जारी गरेका घोषणापत्रहरू (Declaration) ले समाहित शिक्षासम्बन्धी छलफल र यस्को धारणालाई बढावा दिएका छन् । खास गरी बालबालिकासम्वन्धी सम्मेलन सन् १९८९, सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनको घोषणापत्र सन् १९९०, जोमटिन, थाइल्याण्ड विशेष आवश्यकता शिक्षा सम्बन्धित डकार कार्य ढाँचा सन् २००० आदि सम्मेलनहरूले जारी गरेका घोषणा पत्रहरूले शिक्षालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार्दै समाजका सबै मानिसहरूलाई शिक्षा प्रदान गर्न समाहित शिक्षालाई नै उत्कृष्ट शिक्षा हो भनी जोड दिएका छन् । सालामाङ्गा सम्मेलन सन् १९९४ ले समाहित शिक्षालाई विभिन्न किसिमका सामाजिक, आर्थिक रूपले पछि पारिएका शिक्षाको अवसरबाट बञ्चित समूहका बालबालिकाहरूको सिकाई आवश्यकतालाई सम्बोधन गर्ने शिक्षा प्रणालीका रूपमा अङगीकार गरेको पाइन्छ । सोही भेलाले विशेष सिकाई आवश्यकता भएका बालालिकाको पहुँच नियमित विद्यालयमा हुनुपर्दछ र ती विद्यालयहरूले बाल केन्द्रित शिक्षण विधिद्वारा विभिन्न रुची, क्षमता र सिकाई आवश्यकता भएका बालबालिकाहरूलाई समाहित गर्न

सक्नुपर्छ भनेको छ । समाहित शिक्षाको आधारभूत सैद्धान्तिक मान्यता भनेको लैङ्गिक, सामाजिक, आर्थिक, जातीय, धार्मिक, भाषिक सांस्कृतिक र अपाङ्गताको आधारमा कुनै भेदभाव नराखी समाजका सबै बालबालिकाहरूलाई नियमित विद्यालयमासँगै राखेर सम्भव भएसम्मका शिक्षण सिकाइ क्रियाकलाप एउटै कक्षा कोठामा सँगै गराउने र त्यसरी सम्भव नहुने खास खास क्रियाकलापहरू चाहिँ छुट्टाछुट्टै गराउनु भन्ने नै हो (पोखरेल र अन्य, २०६२) ।

नेपालले पनि धेरैजसो शिक्षासम्बन्धी सम्मलेनमा भाग लिई शिक्षा विकासका लागि आफ्नो प्रतिवद्धता पनि जनाईसकेको र सो कार्यमा अघि बढेको पनि पाइन्छ । अन्तरिम संविधानको २०६३ को धारा १७ मा शिक्षालाई सबै नागरिकको मौलिक हकका रूपमा स्थापित गरिएको छ । मातृभाषामा प्रथामिक शिक्षा दिने व्यवस्था, माध्यमिक शिक्षालाई निःशुल्क गर्ने र सबै वर्ग, जाति, लिङ्ग तथा अति पिछडिएका वर्गको शिक्षा स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासका लागि सहभागी गराउने जस्ता कुराहरू समेटिएका छन् ।
नेपालमा मगरहरू कुल जनसंख्याको ७.१४% जुन जातिगत संख्याको हिसाबले तेस्रो स्थानमा हुन्छ । राज्यले मान्यता दिएको ५९ वटा आदिवासी जनजाति मध्ये मगरले जनजाति संख्यामा पहिलो स्थान ओगटेको छ । भाषाका दृष्टिले मगर भाषा नेपालकै ९३ वटा भाषा समूदाय मध्ये सातौं ठूलो र चिनिया भोट बर्मेली भाषा परिवारमा चौंथो ठूलो समुदाय हो (के.त्त.वि.-२०५८) ।

नेपालमा मगर जातिको शिक्षामा उल्लेखनिय सहभागिताको सुनिश्चितता अझसम्म पनि हुन सकेको छैन । पश्चिमाञ्चल पनि मगर समुदाय शिक्षाको पहुँचबाट पछि नै परिरहेको छ । वि.सं. २०४६ सालसम्ममा पनि मगर जातिहरूको शिक्षामा उपस्थिति न्युन रह्यो । यसपछि मात्र शिक्षालाई क्रमशः प्रा.वि. तहबाट निःशुल्क गरिन थाल्नुबाट मात्र मगरहरू केही रूपमा भए पनि शैक्षिक घेराभित्र आउन थालेको पाइन्छ ।

## १.२ समस्याको कथन

माध्यमिक शिक्षामा मगरहरूको सहभागिता शीर्षकमा गरिने यस अध्ययनले मगरहरूको विद्यालय सहभागितालाई देखाउने छ । केटाकेटीको विद्यालय सहभागिता देखाउनुको साथै

शिक्षा प्राप्त गर्न रहेका मुल समस्याहरू के के छन् । यसका साथै माध्यमिक विद्यालयमा उमेर समुहका मगर बालबालिकाहरू कति विद्यालयमा सहभागी भएका छन्, सहभागी हुनबाट कति वञ्चित छन्, वञ्चित हुनुका कारणहरू के के हुन् विद्यालय नपाठाउने अभिभावकहरूको धारणा कस्तो छ ? इत्यादि विषय यस अध्ययनमा समेटिएको छ । विद्यालयमा नियमति जान नसक्नु बीचैमा पढाइ छाडनुपर्ने कारणहरूको खोजी र तिनको विकल्पहरूको पनि खोजी गर्ने प्रयास गरिएको छ । समाजका जो सुकैलाई पनि शिक्षा अनिवार्य भइसकेको छ । हालसम्मको शिक्षाको संरचनामा माध्यमिक शिक्षा भन्नाले कक्षा ९ र १० लाई लिइन्छ । कक्षा १० को अन्तिम परीक्षालाई विद्यालय तहको अन्तिम परीक्षा मानिन्छ र यो तह उत्तीर्ण पछि मात्र उच्च शिक्षाको ढोका उघ्रिन्छ । मा.वि. तहसम्मको शिक्षा व्यक्तिलाई अनिवार्य भइसकेको सन्दर्भमा यस तहसम्म सबै जातजाति, वर्ग, लिङ्गको उत्तिकै सहभागिता हुनुपर्ने हुन्छ तर पनि यस्तो अवस्था देखिदैन, तसर्थ यस अध्ययनमा मगर समुदायका बालबालिकाको मा.शि.मा सहभागिता कम हुनका कारणहरूको खोजी गरिएको छ । उनीहरूको मुख्य वाधाको पहिचान गरिनेछ । त्यहीँ समुदायमा रहेर पनि बाहुन क्षेत्रीको शिक्षामा वर्चश्व वढिरहनु तर मगर समुदायको शिक्षामा सहभागिता अपेक्षित रूपमा बढ्न नसक्नुले पनि यस समुदायमा शिक्षाको चेतनाले स्थान ओगट्न नसकिरहेको अवस्था विद्यमान छ । मगर नेपालको जातिगत सूचीमा जनसंख्याको हिसावले तेस्रो र जनजातिको हिसावले पहिलो स्थान ओगट्छ । यस जातिको उत्थानले अरु जनजातिको उत्थानको लागि प्रेरणा प्रदान गर्दछ । त्यसकारण यी जातीका बालबालिकाको माध्यमिक तहमा सहमभागिता कस्तो छ ? मगर र गैर मगर वीचको शैक्षिक उपलब्धिमा के फरक छ ? मगर समुदायका बालबालिकाको माध्यमिक तहमा सहमागितालाई असर पर्ने तत्वहरू के के हुन् ? भनी अध्ययन अनुसन्धान गरिएको छ । यीनै समस्यालाई मनन गरी मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागितालाई अध्ययनको समस्याको कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

देश विकासको विविध पक्षमा शिक्षाको जति महत्व र आवश्यकता छ, आजको परिस्थितिमा शिक्षामा गुणस्तरीयता कायम गर्नु एवम् शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्नु

झन आवश्यक छ । शिक्षामा समता र समानाता कायम गरी शैक्षिक क्षेत्रको समुचित विकास र क्रमिक सुधारका लागि शिक्षा क्षेत्रमा देखिएका समस्याहरू पहिल्याइ तिनको विश्लेषण गर्नु र अर्थ निकाल्न आवश्यक हुन्छ तसर्थ यो अध्ययनले पनि माध्यमिक उमेर समूहका मगर बालबालिकाको शिक्षामा सहभागिताको स्थिति एवं उपलब्धी पत्ता लगाउने, के कारणले बालबालिकाहरू विद्यालय जानबाट वन्चित रहेका छन् पत्ता लगाउने प्रयास गरेको छ । यस कार्यले देखिएका समस्याहरू समाधान गर्ने उपायहरूको खोजी गर्न सहयोग पुऱ्याउने छ । यस अध्ययनबाट मगरहरूको शिक्षासम्बन्धी जानकारी तथा ज्ञानमा थप योगदान पुऱ्याउने छ र सोही विषयमा अध्ययन गर्न खोज्ने अध्ययनकर्तालाई मार्गनिर्देशन गर्न सक्नेछ । यस अनुसन्धानवाट केही हदसम्म भए पनि तिनीहरूका बीचमा रहेका चेतना स्तरलाई जो सुकै सामु ल्याउन र अवका दिनहरूमा यस्ता सामाजिक समस्याहरूको समाधान गर्न समाजका तिनै पिछडिएका मगर वर्गदेखी लिएर, राज्यसत्ताको बागडोर समालेकाहरूलाई पनि केही दिशा निर्देश गर्न यो अनुसन्धान केही हदसम्म सफल हुनेछ । त्यसकारण यो अध्ययनले विद्यार्थी, शिक्षण, सरोकारवाला नीति निर्माण तह र अनुसन्धान तहमा समेत मगर बालबालिकाको मा.वि. तहको सहभागिता अध्ययन गर्न सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको प्रमुख उद्देश्यहरू यसप्रकार रहेकाछन् :

(क) मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागिताको स्थिति पत्ता लगाउने ।

(ख) मगर र गैर मगर बीचको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्ने ।

(ग) मगर समुदायका बालबालिकाको माध्यमिक तहमा सहभागितालाई असर पार्ने तत्वहरूको खोजी गर्ने ।

(घ) मगर बालबालिकाको शिक्षाप्रति सरोकारवालाको धारणा पत्ता लगाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका उद्देश्यहरू पूरा गर्नको लागि सम्बन्धित क्षेत्रमा निम्नलिखित मुख्य अनुसन्धानात्मक प्रश्नहरू हुनेछन् ।

(क) मगर बालबालिकाको शिक्षामा सहभागिता कस्तो छ ?

(ख) मगर बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता कस्तो छ ?

(ग) मगर समुदायको शिक्षा प्रतिको दृष्टिकोण कस्तो छ ?

(घ) मगर समुदायको शिक्षाप्रतिको गैरमगर र सरोकारवालाको भनाइ के छ ?

(ङ) मगर र गैर मगरको वीचमा शैक्षिक उपलब्धीमा के फरक छ ?

(च) मगर समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा सहभागी हुनमा के कस्ता बाधाहरू रहेका छन् ?

(छ) मगरहरूको शिक्षामा सहभागिता बढाउने उपायहरू के के हुन् ?

## १.६ अध्ययनको सीमितता

मगर शिक्षा जस्तो विस्तृत विषयमा अध्ययन गर्नु धेरै लामो समय पनि अपर्याप्त हुन जान्छ । तसर्थ यस अध्ययनमा त्यति धेरै समय दिन नसकिएकोले अध्ययन धेरै गहन नभएको हुन सक्दछ । यस्तै यस अध्ययनमा समय स्रोत र साधनको अभावका कारण सीमित परिधिमा रहेर गरिएको छ, जसले समग्र राष्ट्रको थोरै मात्र प्रतिनिधित्व गर्दछ । अध्ययनको सीमा सीमित छ त्यसैले अध्ययन पाल्पा जिल्ला गल्धा गा.वि.स.का दुईवटा सार्वजनिक विद्यालयहरू सरस्वती उ.मा.वि.र जनता माध्यमिक विद्यालयका माध्यमिक तहमा मगरको सहभागिताको स्थिति,तिनीहरूको सहभागितामा प्रभाव पारेका तत्वहरूको खोजि गर्न तथा मगर र गैर मगर वालवालिकाको शैक्षिक उपलब्धिको तुलना गर्नमा सिमित गरिएको छ । यसरी नै अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त सूचनादाताको रूपमा सम्बन्धित विद्यलयका प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावक, स्रोत व्यक्ति र मगर विद्यार्थीहरूलाई लिइएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान प्रतिवेदनको परिच्छद दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र अध्ययनको उपादेयता राखिन्छ । जसले अनुसन्धान कार्यलाई अघि बढाउनु पूर्व उपलब्ध स्रोत, साधन, सामग्री, सिद्धान्तको समीक्षा गरी अध्ययनलाई थप व्यवस्थित पार्न सहयोग पुऱ्याउछ ।

## २.१ सम्बन्धित साहित्यको पुनरालोकन

अनुसन्धान योग्य परिकल्पनालाई नियमबद्ध परीक्षण गर्न र धारणाको मापन गर्नु तथ्याङ्क स्रोतको पहिचान गर्नु, अन्य अनुसन्धानहरूका शोध अनुसन्धान संरचना लेखन शैली पद्धति आदिको अध्ययन एवम् टिप्पणी गर्नु, यस समीक्षाको उद्देश्य रहेको छ । सम्बन्धित शोध अध्ययनको विषयसँग सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने सन्दर्भमा शोधकर्तालाई प्राप्त भएका साहित्यहरू सन्दर्भग्रन्थहरू पत्रपत्रिका तथा प्रतिवेदनहरूको अध्ययन गरी निस्केका निष्कर्षहरू उल्लेख गरिएको छ ।

शर्मा (२०६४) का अनुसार मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८ को धारा २६ मा प्रापक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक र बुद्धिमानी अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ । उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्ने तर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र जाति र धार्मिक समूहकावीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइने छ । शान्ति कायम गर्न राष्ट्रसंघमा प्रयत्न बढाइने छ ।

नेपाली समाजको अध्ययन गर्ने क्रममा मगर जातिबारे लेखिएका पुस्तकहरूका भने लेखाजोखा नै छैन । धर्म, तथा संस्कारको बारेमा एन्ड्रास होफर स्ज (१९८१), ब्रिटिस स्टेमान सन (१९७८), डेविड हौ लम्वर्ग (सन १९८९) तथा लेरी पिटसेले अध्ययन गरेका छन, स्रोत UNESCO २००७ (W.E) डोर बहादुर विष्टले "पिपुल्स अफ नेपाल (इ.स. १९६७)" तथा "सबै जातको फुलबारी (वि.स. २०३४) मा मगर जातिको बारेमा उल्लेख गरेका छन् ।
मगर जाति सम्बन्धित सन्दर्भ सामाग्रीहरूको समीक्षता गर्ने क्रममा विभिन्न जाति जनजातिसम्बन्धी लेखिएका लेखहरूको अध्ययन गरिएको थियो जसमा विष्ट (२०००)ले मगर, जातिमा लोक संस्कृति र परम्पराको अत्यन्तै ठूलो महत्व रहेको कुरा उल्लेख गरेको छन् । त्यस्तै गरी नेपालको पहिलो ठूलो जाति विशेष क्षेत्रमा रहेका जिल्लाहरू पाल्पा, म्याग्दी, बाग्लुङ, तनहुँ आदिमा बसोबास गर्दछन् । यस पुस्तकमा मगरहरूले आफ्नो संस्कृतिलाई जोगाउनुपर्ने र संस्कार लोपोन्मुख अवस्थामा रहेकाले यसको जगेर्ना गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । आफ्नो संस्कृतिलाई वचाउनका लागि हरेक मगरहरू सचेत रहुनपर्ने कुरा समेत उल्लेख गरीएको छ ।

ढकाल (२०६६), ले प्राथमिक विद्यालय जाने मगर बालबालिकाको सहभागिता सम्बन्धी अध्ययनमा मगर बालबालिकाको कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने स्थिति अन्य जातिको तुलनामा निकै बढी रहेको साथै त्यसो हुनाको कारणहरूमा जातिगत अन्धविश्वास, घरमा शैक्षिक वातावरण नहुनु, आर्थिक कारण, सामाजिक कारण, परीक्षामा वारम्बार असफलता छोराछोरीमा भेदभाव विद्यालय समय नमिलेर आदि पत्ता लगाएका छन् । मगर बालबालिकालाई शिक्षामा बढी सहभागी गराउने उपायहरूमा आर्थिक सहयोग गर्नुपर्ने अभिभावकहरूमा जनचेतना जगाउनु पर्ने,, मातृभाषामा शिक्षाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था पोशाकको व्यवस्था, गाउँमा शिशु स्याहार केन्द्रको स्थापना गर्नु पर्ने आदि कुराहरूको खोजी गरेका छन् । जनजातीय दृष्टिकोणका बारेमा अध्ययनमा विभिन्न ढङ्गबाट जनजाती दृष्टिकोण प्रस्तुत गरेका छन् । उत्पत्तिको बारेमा भनिएका विभिन्न भनाइहरूलाई समाविष्ट गरेका छन् । जनजातिहरूले आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक सांस्कृतिक, भाषिक, धार्मिक र प्रशासनिक पक्षपात आदिले गर्दा समस्या भोग्नुपरेको कुरा उल्लेख गरेका छन् । यसरी नै नेपालको भौगोलिक अवस्थाले पनि शिक्षा क्षेत्र प्रभावित बनेको छ । नेपाल ग्रामिण मुलुक भएको कारणले ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, संचार, विजुली यातायातको

एथेष्ट हुन सकेको छैन । ग्रामीण क्षेत्रमा विद्यालय संस्था न्यून हुनाले विद्यार्थीहरू घरदेखि कोसौ टाढा धाएर पढ्नुपर्ने, घर भाडामा बसी पढ्नुपर्ने वाध्याताहरू छन् । प्राय ग्रामीण भेगका सबै मानिस कृषि पेसामा नै आश्रित र न्युन आय भएकाहरू छन् । त्यसमा पनि मगर समुदायको अवस्था दयनीय छ । १४/१५ वर्षको हुन पाउँदा नपाउँदै घर खर्चको लागि पढाइ छाडेर काम गर्नुपर्ने वाध्यताले पनि मगर समुदायका बालबालिका शिक्षा लिने अवसरबाट बञ्चित हुनुपरेको देखाएका छन् (ढकाल, २०६६) ।

शैक्षिक, आर्थिक, सामाजिक दृष्टिकोणले नेपालका केही जातिहरू सम्पन्न देखिए तापनि मगर जातिहरू आर्थिक दृष्टिकोणले पिछडिएको वर्गमा परेका छन् । मगर जातिहरू आधुनिक आधुनिकताबाट टाढै भएका देखिन्छन् । विकास प्रकृयामा यिनीहरूको सहभागिता उत्साहप्रद देखिदैंन । विकासका अवसरहरूबाट वञ्चित छन् अन्य वर्गहरूसँग पनि यिनीहरूको सम्बन्ध राम्रो पाइँदैन । फलतः मगर जातिहरू आज पनि विपन्न अवस्थामानै छन् । वास्तवमा देशमा बसोवास गर्ने प्रत्येक व्यक्तिको विकासमै सिङ्गो राष्ट्रको विकास हो । अतः आज पनि दरिद्र अवस्थामा रही आएका जातिहरूका लागि कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्नु अपरिहार्य भइसकेको छ । मगरहरूलाई पनि विकासको मूल प्रवाहमा संलग्न गराउनु अनिवार्य छ । पिछडिएका जातिहरूको शिक्षामा कस्तो सहभागिता छ त्यसको बारेमा अध्ययन अनुसन्धान गर्नु जसरी भएको छ ।

के.सी. (२०६६), ले आफ्नो शोध अध्ययनमा अभिभावकको आर्थिक अवस्थाले पनि छोरा छोरीहरूको शिक्षामा धेरै प्रभाव पारेको कुरा बताएका छन् । परम्परागत रूपमा कृषि पेशामा आश्रित मानिसको आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । यस्ता व्यक्तिहरू प्रायः अशिक्षित पनि हुन्छन् । जसको कारण कृषि क्षेत्रमा धेरै जनसंख्या भए श्रमको बाँडफाँड हुन्छ र काम गर्न सजिलो हुन्छ भन्ने हिसबले धेरै सन्तान जन्माउँछन् । थोरै आम्दामीले धेरे सन्तानको शिक्षा, स्वास्थ्य, लत्ताकपडा आदिको भार बहन गर्न सक्दैन फलस्वरूप सन्तानहरू शिक्षाको उज्यालो घामबाट बञ्चित छन् । गरिबी, अचेतना,परम्परागत सोच, बाल्यअवस्थाप्रति अभिभावक अनविज्ञ हुनु, अशिक्षा, रुढीवादी, अन्धविश्वास जस्ता कारणले विद्यालय जाने उमेरमा बालबालिकाहरू हातमा हँसिया नाम्लो र पिठ्यूँमा डोको बोकेर जंगलतिर मेलापाततिर जान्न बाध्य छन् । छोरीले पढनु पर्दैन भन्ने गलत मान्यता छ । ५/६ पढेपछि

चिठी लेख्न पढ्न सकिन्छ यत्ति नै पढ्नुको अर्थ हो भनिन्छ, पढाइबाट छुटाइन्छ, केटाहरूलाई मजदुरी गर्न भारत पठाइन्छ छोरीको विवाह गरिदिइन्छ कि त घरमा काममा लगाइन्छ । यिनीहरू नेपाली समाजका वास्तविकता हुन् । यी र यस्ता समस्याहरूको समाधानका लागि शैक्षिक कार्यक्रमले मात्र पुग्दैन माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्यताको कानुनी व्यवस्था, शैक्षिक पहुँच बढाउने तथा निरन्तरतालाई सहयोग पुऱ्याउने खाले कार्यक्रमहरू नै शैक्षिक सहभागिता सुनिश्चित गर्ने उपायहरू हुन् (के. सी., २०६६) ।

शैक्षिक स्मारिका (२०६५)मा मगरको शैक्षिक सहभागिता बढाउने सम्बन्धमा लेखिएको छ । विद्यालयहरूमा सञ्चालन गरिने शिक्षण सिकाइमा बालबालिकाहरूको धार्मिक, सांस्कृतिक एवम् भाषिक पृष्ठभूमिको महत्वपूर्ण भूमिका रहने हुँदा शिक्षकहरूले यी पक्षहरूमा संवेदनशील भएर ध्यान पुऱ्याउनुपर्ने हुन्छ । शिक्षकले बालबालिकाको समुदाय उक्त समुदायको संस्कृति, मूल्यमान्यता, आस्था, जीवनशैली, व्यक्तिगत विभिन्नता जस्ता पक्षहरूमा सूक्ष्म रूपमा जानकारी हासिल गर्नुपर्छ । भनाइको अर्थ शिक्षकले प्रत्येक बालबालिकाको मातृभाषालाई सहज रूपमा ग्रहण एवम् सम्मान गर्न सक्नुपर्दछ । शिक्षकको भाषिक दक्षता, बहुभाषिक दखलता/सीप (Skill) ले पनि बालबालिकाहरूको सिकाइलाई सहज र प्रभावकारी बनाइदिएको हुन्छ । अतः मातृभाषा एवम् बहुभाषा अध्यापन सक्षमता सीपमा आधारित शिक्षक तालिम प्रदान गरी हाल भइरहेकै शिक्षकहरूबाटै शिक्षणको व्यवस्था गर्नुपर्ने हुन्छ (शैक्षिक स्मारिका, २०६५) ।

आदिवासी तथा अल्पसङ्ख्यक भाषिक समुदायहरूलाई सशक्तिकृत गराउन शिक्षा तथा खेलकुद मन्त्रालयले प्राथमिक शिक्षा अल्पसंख्यक बालबालिकाहरूसँग सान्दर्भिक हुनुपर्ने कुरामा जोड दिएको छ । सरकारले बालबालिकाहरूको बचाउमा जोड दिएको छ र उनीहरूका दैनिक आवश्यकतालाई विशेष ध्यान दिएको छ । विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरूको दैनिक जीवनसँग बढी सान्दर्भिक गराउन सरकारले पाठ्यक्रममा राखिने विषयवस्तुहरूमध्ये २० प्रतिशत स्थानीय परिस्थिति र वातावरणमा आधारित हुनुपर्ने नीति अपनाएको छ (सबैका लागि शिक्षा, २०६३) । मगरको शैक्षिक अवस्थाका बारेमा (सेरिड १९८८) द्वारा प्रस्तुत प्रतिवेदनमा पिछडिएका समुदायका केटाकेटीले विद्यालय छाड्ने कारण प्रस्तुत गरिएको छ, जसअनुसार विद्यार्थीको

लागि विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित नहुनु, शिक्षाबाट तुरुन्तै फाइदा नपाइनु, श्रव्यदृष्य सामग्रीको कमी र अनुपलब्धता, ग्रामीण केटाकेटीका लागि विद्यालय समय उचित नहुनु गाउँका केटाकेटीहरू कमजोर स्वास्थ्य र कुपोषणबाट पिडित हुनु केटाकेटीहरूलाई समूहमा समायोजन हुन समस्या पर्नु परिवारमा सिजनल बसाइँसराई हुनु जस्ता पक्षहरूलाई समेटिएको छ ।

(CERIED 1987) द्वारा गरिएको "दुर्गम भेगमा प्राथमिक तहमा विद्यार्थीले पढाइ छाड्नको कारणको खोजी" शीर्षकको अनुसन्धानमा ग्रामीण विद्यालयमा भर्ना भएका विद्यार्थीहरू विभिन्न कारणहरूले गर्दा पढाइलाई निरन्तरता दिन नसकेर बीचैमा छाड्नुपर्ने कारणहरूमा परिवारको आकार, घरायसी कामधन्दा, परीवारको आर्थिक अवस्था तथा जातीय विभेदलाई नै प्रवल कारणहरूको रूपमा लिन सकिन्छ । बच्चाको कमजोर स्वास्थ्य, छिटो विवाह गरीदिने प्रचलन तथा विद्यालयको दुरता पनि ग्रामीण बालबालिकाहरूले छिट्टै विद्यालय छोड्नुपर्ने कारणलाई फेला पारेको छ (CERID, 1987) ।

सेरिडद्वारा गरिएको "एजुकेशनली डीसएडभाण्टेज पपुलेसन ग्रुप" शीर्षकको अनुसन्धानमा नेपालमा पिछडिएका समाजको शैक्षिक अवस्थाको व्याख्या गरिएको छ । उक्त अध्ययनले अशिक्षालाई न्यून आर्थिक अवस्थाको कारक तत्वको रूपमा पुष्टि गरेको छ । कुनै पनि समाजको आर्थिक अवस्थालाई प्रभावित गर्ने तत्वहरू छिटो विवाह महिला शिक्षाप्रतिको नकारात्मक धारणा र विद्यालय समुदायको सम्बन्ध र भाषा शिक्षकको विद्यार्थीप्रतिको व्यवहार आदि हुन भनि उल्लेख गरेको पाइन्छ । उक्त अध्ययनले माथिल्ला कक्षाहरूमा विद्यालय छाड्नेदर उच्च रहेको र त्यो दर पुरुषको तुलनामा महिलाहरूको बढी भएको निष्कर्ष निकालेको छ (सेरिड, १९९०) ।

यसरी माथिका यी सबै लेख, रचना, शोधपत्र, अनुसन्धान आदिहरूको अध्ययनबाट यो प्रष्ट हुन्छ की नेपाली समाजमा सदियौंदेखि जातीय भेदभाव विद्यमान रहेको छ । जातीय आधारमा सामाजिक व्यवहारहरू पनि सञ्चालनमा छन् । अछुत गैर अछुत सबै वर्गमा एकआपसमा गरिने व्यवहार जातमा निर्भर रहेको छ । जातका आधारमा कसैलाई पनि आफ्नो हक प्राप्तिका लागि भेदभाव गरिने छैन भनी नियम, कानुन बने पनि संविधानमा

उल्लेख भए पनि त्यसले व्यवहारिकतामा पूर्णता पाउन सकेको छैन । समाजमा हुने र नहुने, सक्ने र नसक्ने बीचको खाडल झनझन फराकिलो भैरहेको छ । समाजमा गरिवी अन्धविश्वास र कुरीतिले जरा गाडेका कारण मानव अनि राज्यको नागरिक भइकन आफ्ना के कस्ता कर्तव्य र अधिकार हुन्छन् त्यसतर्फ मानिसहरूको ध्यान जान सकेको छैन । परम्परा र सनातनदेखि चलिआएका भेदभावपूर्ण संस्कारको अवलम्बन गर्ने परिपाटि यथास्थितिमा रहेको छ । जातीय भेदभाव सामाजिक रूपमा त छँदैछ त्यसको प्रभाव प्रशासनिक क्षेत्रमा पनि छ । प्रंशासनिक कार्यालयहरूमा मगरहरूको उपस्थिति अझैपनि धेरै न्यून हुनुले पनि यी कुराहरूलाई प्रष्ट पारिरहेका छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनबाट उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्न निम्न वैचारिक खाकाको उपयोग गरिएको छ :

### Abrahm Maslow को उत्प्रेरणाको सिद्धान्त

अमेरिकी मनोवैज्ञानिक Abraham Maslow ले सन १९४३ मा Theory of Motivation प्रतिपादन गरि मानिसहरू आवश्यकताको श्रृङ्खलाबाट अभिप्रेरित हुने कुरा उल्लेख गरेका छन् । सन्तुष्ट हुनका लागि मानिसले खोजिरहेको कुनै मनोवैज्ञानिक अभाव नै उसको आवश्यकता हो । उक्त चाहना एवम् आवश्यकता पूरा गर्नका लागि मानिस उत्प्रेरित हुने गर्दछ । त्यही आवश्यकता नै मानिसलाई कार्य गराउने उत्प्रेरक तत्व हो । जुन एक पछि अर्को श्रृङ्खलाबद्ध रूपमा रहेको हुन्छ । उनको आवश्यकताको श्रृङ्खालाई निम्नानुसार ५ चरणमा प्रस्तुत गरेका छन् ।

५ आत्मसन्तुष्टीको आवश्यकता

४ स्वाभीमानको आवश्यकता

३ सामाजिक आवश्यकता

२ सुरक्षात्मक आवश्यकता

१ शारीरिक आवश्यकता

Maslow ले मानिसका आवश्यकतालाई एउटा Hierarchy मा राखेका छन् । उनका अनुसार मानवीय कुनै एक आवश्यकता पूरा हुनासाथ तुरुन्तै अर्को तहको आवश्यकता एक पछि अर्को गर्दै क्रमश : आउने गर्दछन् । एक पछि अर्को तहको आवश्यकता महसुस हुन्छ । मानिसलाई उत्प्रेरित गर्ने उनीहरूको आवश्यकता हो भन्ने उनको तर्क छ । जबसम्म गाँस, बास र कपासको समस्या समाधान हुँदैन तवसम्म शिक्षा, स्वास्थ्यलगायत अन्य आवश्यकताले मानिस उत्प्रेरित हुन सक्दैन (कोइराला र श्रेष्ठले उद्दत गरेजस्तै Follet 1950) ।

नेपालका अधिकांश मगर जतिहरू शारीरिक आवश्यकताहरूको परीपूर्तिका लागि नै भौतारिरहेका छन् । उनीहरूलाई अन्य आवश्यकताप्रति सोचविचार गर्ने अवस्था नै छैन तसर्थ माध्यमिक शिक्षामा मगरहरूको सहभागिता उल्लेखनीय नहुनुमा Maslow अभिप्रेरणाको सिद्धान्तको असर त परेको छैन भन्ने विचार गर्न यस सिद्धान्तलाई अध्ययनको आधार बनाइएको छ ।

**कार्ल माक्सको सामाजिक विभेदीकरणको सिद्धान्त**

मार्क्सवादी दृष्टिकोणबाट समाज र संस्कृतिको अध्ययन व्याख्या र विश्लेषण गर्ने :यमभ्र्ा लाई Marxist :यमभ्र्ा भनिन्छ । समाजशास्त्री कार्ल मार्क्सका द्वन्द्व वादि सिद्धान्त अनुसार सामाजिक विभेदीकरणको एकमात्र केन्द्र वर्ग (Class) हो । समाज प्राचीन कालदेखि नै दुई वर्गमा विभाजित हुँदै आएको छ भन्दै मार्क्सले ऐतिहासिक रूपबाट वर्गको निर्माण दासता (Slave) भू सम्पत्ति (Estater) र जाति (Caste) हुँदै गएको वाताएका छन् । सामन्त युगसँगै समाजमा जाति विभाजन पनि चर्को रूपमा बढ्दै गयो जातीय विभाजनले समाजलाई विभाजनको संघारमा पुऱ्यायो । उच्च जाति र निम्न जातिका रुमपा समाजमा जातीय विभाजन कायम रह्यो (शर्मा एण्ड शर्मा, २०६४) ।

जातिअनुसार कामको विभाजन हुँदा मगरको पठनपाठान क्षेत्र परेन । शिक्षालाई समाजका उच्च पदस्थ त्यसमा पनि विशेष बाहुन क्षेत्रीमा सीमित राखियो । त्यसै विभाजनअनुसार मगर समुदायलाई पनि शिक्षाबाट टाढा राख्ने काम भयो तसर्थ यो अध्ययनमा जातीय विभाजनले नै मगरको शिक्षामा प्रभाव पारेको त छैन भन्ने कुराको खोजी गर्न पनि मार्क्सको सामाजिक विभेदीकरणको सिद्धान्तलाई अध्ययनको आधार बनाइएको छ ।

## २.३ शैक्षिक उपादेयता

यो अध्ययनको आधारमा मगरहरूको माध्यमिक शिक्षामा के-कस्ता सहभागितो छ भन्ने यथार्थ जानकारी लिन सकिन्छ । मगरहरूको शिक्षामा सहभागिता कम हुनुका कारणहरूलाई Maslow को उत्प्रेरणाको सिद्धान्त र मार्क्सको सामाजिक विभेदिकरणको सिद्धान्त सँग सम्बन्धीत गराइ अर्थाइएकोले मगरको न्यून सहभागिताका मूलभूत कुराहरूको वास्तविक जानकारी प्राप्त गर्न मद्दत मिल्दछ भने तिनिहरूलाई विद्यालयीय शिक्षाको घेराभित्र ल्याउनका लागि अपनाउनु पर्ने उपायहरूको बारेमा आधारभूत जानकारी प्राप्त हुन्छ । मगर शिक्षासँग सम्बन्धीत विभिन्न साहित्यको पुनरावलोकन बाट प्राप्त तथ्य र यस अध्ययनको आधारमा हाम्रो समाजमा रहेका आर्थिक, सामाजिक, पारीवारीक, राजनैतिक र धार्मिक जस्ता तत्वहरूले नै मगरको शिक्षामा प्रभाव पारेको बारेमा अवगत हुनेछ भने विद्यालय भित्रकै शिक्षण विधि, मूल्याङ्क पद्दति, शिक्षकको विद्यार्थीसँगको व्यवहार, भाषिक समस्या जस्ता कुराहरूले मगरको शिक्षामा के-कस्तो प्रभाव पारेको छ भनी जानकारी लिन सहयोग पुग्दछ । शिक्षाको महत्व र आवश्यकता दिनानुदिन बढीरहेको आजको परिस्थितिमा शिक्षालाई गुणस्तरीय र व्यवहारिक बनाउँदै समता र समानताका आधारमा शिक्षामा सबैको पहुँच र सहभागितालाई सुनिश्चित गर्न सरकार, समुदाय, विद्यालय र परिवारले अझै के कति प्रयासहरू गर्नु पर्ने हो त्यसका बारेमा सबैलाई स्पष्ट पार्नु यस अध्ययनको अर्को प्रयोजन हो । यस अध्ययनको सुझाव खण्डमा उल्लेख गरिएका कुराहरूका आधारमा मगरहरूको शिक्षामा सहभागिता बढाउन सरकार स्थानिय निकाय, विद्यालयले निति तथा कार्यक्रम बनाएर लागु गरेमा मगरहरूको शैक्षिक उन्नती संभव छ । सैद्धान्तिक ढाँचाले अध्ययनमा आउने विचलनबाट जोगाएको छ भने सम्बन्धित साहित्यको पुनरालोकनले अध्ययनलाई उचित मार्ग निर्देशित गरेको छ । अध्ययलाई निश्चित दिशा प्रदान गरेको छ ।

उपर्युक्त माथि प्रस्तुत गरिएका शोधपत्र, बुलेटिन, पुस्तक, लेख, रचना र सामग्रीको पुनरावलोकनले मगर बालबालिकाको माध्यमिक शिक्षामा सहभागिताको अवस्था मगर र गैर मगरको शैक्षिक उपलब्धिको तुलनामा र सरोकारवालाका दृष्टिकोणलाई स्पष्ट पार्नमा महत्वपूर्ण आधार प्रदान गरेको छ । तिनीहरूको अध्ययले शोधपत्रलाई व्यवस्थित गर्ने खाका निर्माणमा टेवा मिलेको छ । यसले अध्ययनलाई औचित्यपूर्ण बनाउन मद्दत गरेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

अनुसन्धान कार्यका लागि तयार पारिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यसमा व्यवस्थित कार्य योजनाको आवशयकता पर्दछ । यसमा विषयको छनोट देखि लिएर तथ्याङ्क सङ्कलन विश्लेषण र प्रस्तुतीकरण कार्य सम्म कुन कुन कार्यविधि अवलम्बन गर्ने सोको विस्तृत प्रक्रिया तथा योजना समेटिएर अनुसन्धानकर्तालाई मार्ग निर्देशन प्रदान गर्दछ । यस परिच्छेदमा अध्ययनको ढाँचा, अध्ययनको जनसंख्या र नमूना छनौट, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया समावेश गरिएको छ :

## ३.१ अध्ययनको ढाँचा

यो अध्ययनको ढाँचा गुणात्मक छ । कुनै अवस्था प्रक्रिया समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रूपमा गरिन्छ भने त्यो गुणात्मक अध्ययन हो । अतः यो अध्ययन गुणात्मक ढाँचाको भएकोले वर्णनात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनको उद्देश्य प्राप्ति र वास्तविकता पत्ता लगाउन सरोकारवालासँग प्रत्यक्ष भेटघाट, समूह छलफल, खुला अन्तर्वार्ता, प्रश्नावली, अवलोकन विधिहरूको प्रयोग गरिएको छ ।

तथ्याङ्कका सङ्कलनका लागि प्रमुख र सहायक दुवै प्रकारका तथ्याङ्कका स्रोतहरूलाइ प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि विद्यालय तथ्याङ्क विवरण, मूल्याङ्कन रेकर्डलाई उपयोग गरिएको छ । जसबाट विद्यार्थीहरूको संख्याको र शैक्षिक प्रगतिका तथ्यहरू प्राप्ति भएको छ । त्यस्तै यो अध्ययनका द्वितीय श्रोतहरूमा मगर जाति, जनजाति सम्बन्धी लेख रचना, पुस्तकहरू शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, जि.शि.का., गा.वि.स. कार्यालय, अप्रकाशित सोध ग्रन्थहरू (यस विषयसँग सम्बन्धित), द्वारा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट

अध्ययनको सीमाक्षेत्रमा तोकिएका सार्वजनिक माध्यमिक विद्यालयमा मगर समुदायका बालबालिकाहरूको सहभागिताको स्थिति, शैक्षिक स्तर विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने अवस्था, सहभागितामा परेका बाधाहरू पत्ता लगाउन उद्देश्यमूलक नमुना छनौटका आधारमा जनसंख्याको छनोट गरिएको छ । जसअन्तर्गत अभिभावक, प्र.अ, शिक्षक विद्यार्थी, व्यवस्थापन समितिका अध्यक्ष, श्रोत व्यक्ति रहेका छन्, जसले अध्ययन कार्य विश्वसनीय र प्रतिनिधिमूलक बनाउन मद्दत गरेको छ । अध्ययनका लागि नमुना छनोटको जनसंख्यालाई निम्न चार्टमा देखाइएको छ ।

**तालिका १ : नमूना जनसङ्ख्या छनौट**

| क्र.सं. | विवरण | जम्मा | संख्या | प्रतिशत | छनौटको आधार |
|---|---|---|---|---|---|
| १ | प्र.अं | २ | २ | १०० | उद्देश्यमूलक |
| २ | वि.व्य.स. अध्यक्ष | २ | २ | १०० | उद्देश्यमूलक |
| ३ | शिक्षक | ३० | १० | ३३.३३ | गोलाप्रथा |
| ४ | अभिभावक | ३१० | १० | ३.२२ | गोलाप्रथा |
| ५ | विद्यार्थी | ३५० | १२ | ३.४२ | उद्देश्यमूलक |
| ६ | स्रोत व्यक्ति | १ | १ | १०० | उद्देश्यमूलक |

यसरी २ जना प्र.अ., विद्यालय व्यवस्थाप समितका अध्यक्ष र स्रोत व्यक्तिलाई उद्देश्यमूलक तथा शिक्षक, अभिभावक र विद्यार्थीलाई गोलाप्रथाद्वारा छनौट गरिएको छ । जसमा २ जना प्र.अ., २ जना वि.व्य.स. अध्यक्ष, १० जना शिक्षक, १० जना अभिभावक, १२ जना विद्यार्थी र १ जना स्रोतव्यक्ति छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनका लागि सार्वजनिक माध्यमिक विद्यालयमा मगर बालबालिकाहरूको भर्ना सङ्ख्या, विद्यालयमा उपस्थितिको अवस्था, विद्यालय छोडने, दोहोऱ्याउने, सफल हुने संख्या

सम्बन्धित विद्यालयमा रहेको अभिलेखवाट सर्वेक्षण विधि प्रयोग गरी लिइएको छ । यस अध्ययनले माध्यमिक तह उमेर समूहका सम्पूर्ण मगर बालबालिकाहरू विद्यालयमा भर्ना नहुनुका कारणहरू र यीनीहरूलाई बढीभन्दा बढी सहभागी गराउन सकिने उपायहरू पहिल्याने प्रयत्न गरिएको छ । अध्ययनको उद्देश्य, अवस्था र प्रक्रियाहरू समस्यासँगै सम्बन्धित भएकाले अध्ययन वर्णनात्मक र व्याख्यात्मक ढंगको छ । अनुसन्धानको क्रममा प्रयोग भएका विधि तथा साधनहरूलाई निम्नअनुसार राखिएको छ ।

**क) प्रश्नावली**

मगर विद्यार्थीको सहभागिता न्यून हुनाका कारण तथा सरोकार वालाको धारणा पत्ता लगाउन प्रश्नावली प्रयोग गरिएको छ । प्रश्नावली विषय शीर्षकका आधारमा निर्माण गरी शिक्षक विद्यार्थी स्रोतव्यक्तिलाई वितरण गरी आवश्यक सूचना संकलन गरिएको छ ( परिशिष्ट १-४) ।

**ख) सर्वेक्षण फाराम**

विद्यालयमा मगर बालबालिकाहरूको सहभागीताको  अवस्थाका लागि तयार पारिएको फाराममा माध्यमिक तहमा अध्ययन गर्ने मगर बालबालिकाहरूको संख्या, जम्मा संख्या, उपस्थिति, उपलब्धि, कक्षा दोहोऱ्याउने र छोड्ने सम्बन्धी तथ्याङ्क संकलन गर्न सर्वेक्षण फारम निर्माण गरिएको छ (परिशिष्ट - ५) ।

**ग) अन्तर्वार्ता प्रश्नावली**

माध्यमिक तहमा मगर बालबालिकाको सहभागिताको अवस्था, सहभागिता हुनमा परेका बाधाहरू बुझ्नका लागि अभिभावक, शिक्षक, प्र.अ र विद्यार्थीहरूसँग अन्तर्वार्ताको क्रममा अन्तर्वार्ताका साधनहरूअन्तर्गत खुला प्रश्नावली तयार गरी अन्तर्वार्ता लिइएको थियो । विद्यार्थीको रुची तथा समस्याहरू पत्ता पाउन अभिभावकहरूको शैक्षिक दृष्टिकोणका बारेमा आवश्यक सूचना प्राप्त गर्न अन्तरवार्ता प्रणाली प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक तरिकाले प्रयोगसम्बन्धी तथ्यबाट प्रष्ट पारिएको छ । शैक्षिक सहभागितामा व्यक्ति, परिवार समाज र राष्ट्रको भूमिकालाई अझ प्रभावकारी बनाउनका लागि आवश्यक सर्तहरू पत्ता लगाइ प्रयोगमा ल्याउने सन्दर्भमा अनुसन्धान अघि बढेको छ । अध्ययनका क्रममा अध्ययनकर्ता स्वयं वास्तविक अध्ययन क्षेत्रमा गई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्दा छनौट गरिएको विद्यालयमा गई मगरहरूको भर्ना संख्या कम हुनुका कारणहरू पत्ता लगाउन, उनीहरूको शैक्षिक सहभागिताका बाधाहरू पहिल्याउन उनीहरूका अभिभावकसँगै छलफल गर्दै, अभिभावक, प्र.अ. शिक्षक, वि.व्य.स.का पदाधिकारीहरूसैग अन्तरर्वाता लिइएको छ । प्राप्त तथ्य तथ्याङ्कहरूलाई भरपर्दो र विश्वसनीय बनाउन संख्यात्मक र गुणात्मक दुवै विवरण समेटी विश्लेषण गरिएको  छ । तथ्याङ्कलाई विभिन्न सैद्धान्तिक खाकामा राखी विभिन्न चिन्तन अनुसार अर्थ्याइएको छ । समग्रमा माध्यमिक तहमा मगरहरूको सहभागिताको अवस्था खोजी गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनको उद्देश्य हासिल गर्नका लागि विभिन्न साधनहरूको प्रयोग गरी प्राप्त हुन आएका तथ्य तथ्याङ्कहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । उद्देश्य अनुरूप क्रम अनुसार उपयुक्त तालिकामा व्या र विश्लेषण निम्नानुसार गरिएको छ :

४.१ मगर बालबालिकाको माध्यमिक शिक्षामा सहभागिता

४.२ मगर र गैर मगर बालबालिकाको शैक्षिक उपलब्धीको तुलना

४.३ मगर बालबालिकाको माध्यमिक तहमा असर पार्ने तत्वहरू

४.४ मगर बालबालिकाको शिक्षाप्रति सरोकारवालाको धारणा

## ४.१ मगर बालबालिकाहरूको माध्यमिक शिक्षामा सहभागिताका

अध्ययनको प्रमुख उद्देश्य माध्यामिक तहमा मगर बालबालिकाहरूको सहभागिताकोअवस्था अध्ययन गर्नु भएकोले उद्देश्यलाई प्रष्टाउन अधययन क्षेत्रका दुई वटा माध्यामिक विद्यालयमा कक्षा ९ र १० का मगर विद्यार्थीहरूलाई प्रमुख आधार बनाइएकोक छ । मगर बालबालिकाको माध्यामिक तहको शैक्षिक अवस्थालाई अध्ययन गर्न अध्ययन क्षेत्रका विद्यालयहरूमा मगरसहित अन्य जातिको भर्ना स्थिती, मगर बालबालिका परीक्षा परिणाम जस्ता उपशिर्षकमा विभाजन गरि विगत तीन वर्ष (०६४, ०६५ र ०६६) को तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयहरूमा माध्यमिक तहमा जातिगत रूपमा भर्नास्थिति

अध्ययनको लागि छनौट गरिएको गल्धा गा.वि.स. पाल्पा जिल्लाकै जनसंख्याको हिसावले सबैभन्दा ठूलो गा.वि.स. मध्ये एक हो । गा.वि.स. रहेको जातिगत जनसंख्याको विवरणलाई हेर्दा मगर जाति पहिलो छ भने गा.वि.स. भरिको माध्यमिक तहमा जातिगत रूपमा

विद्यार्थीहरूको वि.सं. २०६४ देखि २०६६ सम्मको भर्नाको स्थितिलाई हेर्दा सबैभन्दा धेरै मगर जातिहरू छन् ।

यस अध्ययनमा छानिएका विद्यालयबाट २०६४, २०६५ र २०६६ सालको जातिगत रूपमा भर्ना सम्बन्धी तथ्याङ्क विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार जनसंख्याको ७६.१४ प्रतिशत रहेको मगर जनसंख्या मध्ये ३५ प्रतिशत मात्र शिक्षामा सहभागी छन् भने २८ प्रतिशत जनसंख्या रहेको बाहुन क्षेत्रीको विद्यालयमा सहभागिता भने ६८ प्रतिशत देखिन्छ । मगरहरूको भर्नाको स्थिति न्युन देखिन्छ । कक्षा ९ मा २०६४ को भन्दा २०६५ मा १ प्रतिशत बढेको देखिएता पनि २०६६ मा पुग्दा २०६४ को भन्दा पनि कम पाइन्छ । त्यस्तै कक्षा १० को पनि त्यही स्थिति देखिन्छ । शिक्षाको महत्व बढीरहेको आजको सन्दर्भमा पनि मगरको शिक्षामा सहभागिता बढ्न सकिरहेको छैन । भर्नाको स्थिति हेर्दा तथा तथ्याङ्क अनुसार माध्यमिक उमेरसमूहका मगर बालबालिका ४० प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छैनन अथवा उनीहरू शैक्षिक घेरा भन्दा बाहिर छन् । जनसंख्या बढिरहनु तर विद्यालयको सहभागिताको स्थिति स्थिर रहनुले पनि उनीहरूलाई शिक्षाले आकर्षण गर्न सकेको छैन । उनीहरूलाई शिक्षा प्रति उत्प्रेरित हुन अझ पनि धेरै कुराहरूले वाधा पुऱ्याइरहेका छन् । उनीहरूको शिक्षामा न्युन सहभागिता बाट के प्रष्ट हुन्छ भने शिक्षा उनीहरूको आवश्यकताभित्र पर्दैन । शिक्षाको माध्यमबाटै आफ्नो न्यून गुणस्तरीय जीवनलाई सुधार्न सकिन्छ भन्ने चेतना छैन । जुन कुरा मार्क्सको विभेदीकरण सिद्धान्तसँग मेल खान्छ ।

### ४.१.२ कक्षागत मगर बालबालिकाहरूको सहभागिताको स्थिति

माध्यमिक विद्यालय तहमा मगरहरूको भर्ना स्थितिबारे स्पष्ट जानकारी प्राप्त गर्न अध्ययन क्षेत्रका विद्यालयमा कक्षागत रूपमा कक्षा ९ र १० मा वि.सं २०६४-०६६ को मगर बालबालिकाहरूको जम्मा सहभागिता विवरण यस प्रकार रहेको छ ।

**तालिका २ : मगर बालबालिकाको कक्षागत सहभागिताको स्थिति**

| वर्ष /कक्षा | | माध्यमिक उमेर समूहको जनसंख्या | भर्ना नभएका | भर्ना भएका | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने |
|---|---|---|---|---|---|---|---|
| २०६४ | कक्षा ९ | घट | ज्ञघ | द्घ | ज्ञछ | ट | द्द |
| | कक्षा १० | घद्द | ज्ञघ | ज्ञढ | ज्ञढ | ( | ( |
| २०६५ | कक्षा ९ | घढ | ज्ञछ | द्द्ध | द्ण | ( | द्ध |
| | कक्षा १० | द्द्ध | ज्ञद्द | ज्ञद्द | ज्ञद्द | ( | ( |
| २०६६ | कक्षा ९ | द्घ | ड | ज्ञछ | ज्ञद्द | द्द | ज्ञ |
| | कक्षा १० | घठ | ज्ञछ | द्द्द | ज्ञछ | ठ | ( |
| जम्मा | | ज्ञढज्ञ | ठट | ज्ञज्ञछ | ढघ | ज्ञछ | ठ |

नोट : अंकले प्रतिशत जनाउदछ ।    स्रोत : विद्यालय अभिलेख ।

अध्ययनबाट प्राप्त तथ्याङ्कअनुसार अध्ययन क्षेत्रका माध्यमिक उमेर समूहका तीन वर्षको गरी जम्मा १९१ जना बालबालिकाहरूमध्ये ११५ जना विद्यालय गएका छन् । तीन वर्षको स्थितिलाई हेर्दा मगर बालबालिकाको विद्यालय सहभागितामा वृद्धि भएको पाइँदैन । आजको माध्यमिक शिक्षा अपरिहार्य भएको सन्दर्भमा सहभागिता वृद्धि हुँदै नजानुलाई नराम्रो अवस्था मान्न सकिन्छ । अझसम्म पनि ७६जना मगर बालबालिका माध्यमिक शिक्षामा समावेश नहुनुले उनीहरूको भविष्य उज्ज्वल छैन । अहिलेको अनिवार्य शिक्षाको स्थितिमा यो अवस्थालाई नराम्रो मानिन्छ । शिक्षाबाट बञ्चितहरू आयआर्जनमा न्यूनता हुने चेतनामा कमी हुने हुनाले पनि उनीहरूको आर्थिक सामाजिक विकासमा अझै लामो समयसम्म बाधा पुग्ने देखिन्छ ।

### ४.१.३ मगर बालबालिकाको परीक्षा परिणाम

अध्ययन क्षेत्रका विद्यालयमा मगर छात्रछात्राहरूको शैक्षिक अवस्थाबारे जानकारी हासिल गर्न कक्षा ९ का विद्यार्थीहरूको लागि शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षाको परीक्षाफल र कक्षा १० का विद्यार्थीहरूको परीक्षा परिणाममा एस.एस.सी नियमित र पूरक

दुवै गरी उत्तीर्ण हुनेलाई आधार बनाई शैक्षिक वर्ष २०६३ देखि २०६५ को तथ्याङ्काआधारमा अध्ययन गरिएको छ । तथ्याङ्क यसप्रकार छ :

**तालिका ३ : मगर बालबालिकाको परीक्षा परिणाम**

| कक्षा | २०६४ | | | २०६५ | | | २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा समावेश | उत्तीर्ण संख्या | उत्तीर्ण % | परीक्षामा समावेश | उत्तीर्ण संख्या | उत्तीर्ण % | परीक्षामा समावेश | उत्तीर्ण संख्या | उत्तीर्ण % |
| ९ | द्ज्ञ | ज्ञछ | ठज्ञ।द्धद्द | द्ण | द्ण | ज्ञण्ण | ज्ञछ | ज्ञद्द | डण |
| १० | ज्ञढ | ज्ञढ | ज्ञण्ण | ज्ञद्द | ज्ञद्द | ज्ञण्ण | द्दद्द | ज्ञछ | टड |

स्रोत : विद्यालय अभिलेख, ०६४, ०६५, ०६६ ।

नोट : *यहाँ कक्षा १० उत्तीर्ण भन्नाले एस. एल.सी.लाई लिइएको छ एस. एल.सी. उत्तीर्णमा नियमित र पूरकको नतिजालाई समावेश गरिएको छ ।*

माथिको तथ्याङ्कलाई हेर्दा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत राम्रो पाइन्छ । यो तथ्याङ्कले के देखाउँछ भने अवसर पाए मगर बालबालिकाले पनि राम्रो गर्न सक्छन् । कक्षा ९ को उत्तीर्ण प्रतिशत केही कमी भए तापनि कक्षा १० को भने निकै राम्रो देखिन्छ । कक्षा १० मा २०६४ र २०६५ मा परीक्षा समावेश सबैले विद्यालय तह पूरा गरेका छन् । २०६६ मा २२ जना मध्ये १५ जना उत्तीर्ण भएका छन् जुन ६८ प्रतिशत हो । यो उर्त्तीण दरलाई पनि राम्रो मान्नु पर्दछ । तसर्थ उनीहरूको शिक्षामा सफलता हाशिल गर्न आफ्नै बौद्धिक बाधा छैनन् । उनीहरूलाई आर्थिक, सामाजिक र अविभावकको चेतनात्मक तत्वहरूले ठूलो वाधा पुऱ्याइरहेका छन् ।

## ४.२ मगर र गैरमगरहरूबीचको शैक्षिक उपलब्धिको तुलना

अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूको सेवा क्षेत्रभित्रका विभिन्न जनजातिहरूलाई विभिन्न चार भागमा विभाजन गरेर यिनीहरूको माध्यमिक तहमा विद्यालय भर्ना, छाड्ने, उत्तीर्ण र अनुर्त्तीण स्थितिको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा सबै भन्दा बढी जनसंख्या सन्यासीको भएकोले सो संख्यालाई बाहुन क्षेत्री भित्रै समावेश गरेर अध्ययन

गरिएको छ । कक्षा ९ को तीनै वर्षको मगरहरूको औषत उत्तीर्ण प्रतिशत ७८.०९, मगर बाहेकका जनजातिको ७८.९६ प्रतिशत, बाहुन क्षेत्रीको ८१.९४ प्रतिशत, दलितको ७६.१९ प्रतिशत देखिन्छ । त्यस्तै कक्षा १० अथवा माध्यमिक तह नै पूरा गर्ने तीनै वर्षको औषत उत्तीर्ण प्रतिशत मगरको ८९.३३, प्रतिशत, मगर बाहेकका जनजातिको ८५.६५ प्रतिशत, बाहुन क्षेत्रीको ९२.०९ प्रतिशत, दलितको ८८.८९ प्रतिशत रहेको छ (परिशिष्ट ७) ।

**तालिका ४ : मगर बालबालिकाको शैक्षिक उपलब्धिको स्थिति**

| वर्ष | कक्षा | जम्मा विद्यार्थी | | | | मगर विद्यार्थी | | | | मगर बाहेकका जनजाति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६४ | | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा |
| | ९ | १४० (७०.७१) | ४४ (२२.२२) | १४ (७.०७) | १९८ (१००) | १५ (६५.२१) | ६ (६.०९) | २ (८.७) | २३ (१००) | १९ (६७.८६) | ५ (१७.२९) | ४ (१४.२८) | २८ (१००) |
| | १० | १७० (९३.९२) | ३ (१.६६) | ८ (४.४२) | १८१ (१००) | १९ (१००) | - | - | १९ (१००) | २८ (१००) | - | - | २८ (१००) |
| २०६५ | ९ | १७२ (८८.६६) | - | २२ (११.३४) | १९४ (१००) | २० (८३.३३) | - | ४ (१६.६७) | २४ (१००) | ३७ (९०.२४) | - | ४ (९.७६) | ४१ (१००) |
| | १० | १४४ (९८.३६) | २ (१.३६) | - | १४६ (१००) | १२ (१००) | - | - | १२ (१००) | २८ (९६.५) | १ (३.४५) | - | २९ (१००) |
| २०६६ | ९ | ११७ (८१.२५) | १६ (११.११) | ११ (७.६४) | १४४ (१००) | १२ (८५.७२) | १ (७.१४) | १ (७.१४) | १४ (१००) | २६ (७८.७९) | ४ (१२.१२) | ३ (९.०९) | ३३ (१००) |
| | १० | १४४ (७९.१२) | ३६ ( १९.७८) | २ (१.१) | १८२ (१००) | १९ (८६.३६) | ३ (१३.६४) | - | २२ (१००) | ३६ (६०.४७) | १७ (३९.५३) | - | ४३ (१००) |

स्रोत : विद्यालय नतिजा अभिलेख ।

यसरी तथ्याङ्क हेर्दा मगर बालबालिकाको उत्तीर्ण दर अन्य जातजाति मध्ये उच्च मानिएका बाहुन क्षेत्रीको भन्दा तीन प्रतिशतले कमी छ । माध्यमिक तहको अन्तिम (एस.एल.सी.) परीक्षामा समावेश मध्ये ८९% ले उत्तीर्ण गरेको पाइन्छ । कक्षा ९ मा ब्राह्मण क्षेत्री ८२% उत्तीर्ण हुँदा मगर ७८% उत्तीर्ण देखिन्छ । यो उत्तीर्ण दर तुलनात्मक रूपमा राम्रो हो । किनकी बाहुन क्षेत्रीलाई अध्ययनका लागि जुन वातवरणा छ त्यसतो वातावरण मगरले पाउन अझ धेरै कुराहरू गर्न बाकी छ । यसबाट के प्रष्ट हुन्छ भने मगरलाई आफ्नै बौद्धिक क्षमता भन्दा पनि अवसरको खाँचो छ । अवसर प्राय: उनीहरू पनि शैक्षिक प्रगति गर्न सक्छन् । माथिको यो मगर विद्यार्थीहरू उत्तीर्ण हुने स्थिति विद्यालयको नजिक हुने को बढी

छ । समग्रमा सबै जातजातिका विद्यार्थीहरू दश कक्षामा पुगी सकेपछि खासै छोडेका छैनन ।

**तालिका ५ : गैरमगर बालबालिकाको शैक्षिक उपलब्धिको स्थिति**

| बाहुन क्षेत्री | | | | दलित | | | |
|---|---|---|---|---|---|---|---|
| उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा |
| १०२ (७२.८६) | ३२ (२२.८६) | ६ (४.२८) | १४० (१००) | ४ (५७.१४) | १ (१४.२८) | २ (२८.५६) | ७ (१००) |
| १२१( ९१.६७) | ३(२.२६) | ८ (६.०६) | १३२ (१००) | २ (१००) | - | - | २ (१००) |
| ११० (९०.१६) | - | १२ (९.८४) | १२२ (१००) | ५ (७१.४३) | - | २ (२८.५७) | ७ (१००) |
| १०० (९९.०१) | १ (०.९९) | - | १०१ (१००) | ४ (१००) | - | - | ४ (१००) |
| ७७ (८२.८०) | ११ (११.८३) | ५ (५.३७) | ९३ (१००) | २ (१००) | - | - | २ (१००) |
| ९५ (८५.५९) | १४ १२.६१ | २ (१.८) | १११ (१००) | ४ (६६.६७) | २ (३३.३३) | - | ६ (१००) |

स्रोत : विद्यालय नतिजा अभिलेख ।

यो स्थिति तामाङ्ग विद्यार्थीमा पनि देखिन्छ तसर्थ यो स्थितिलाई बचाइराख्नु र सबै विद्यार्थीहरूलाई माध्यमिक तह उत्तीर्ण गर्न प्रोत्साहित गर्न, त्यस्तै माध्यमिक शिक्षामा समावेश हुन नसकेकालाई पनि उनीहरूका शैक्षिक सुविधा प्राप्त गर्न रहेका वाधाहरूलाई पन्छ्याउँदै उनीहरूलाई माध्यमिक शिक्षामा अनिवार्य सहभागी गराउँदै लैजानु पर्ने देखिन्छ ।

## ४.३ मगर बालबालिकाहरूको माध्यमिक शिक्षाको सहभागितामा प्रभाव पारेका तत्वहरू

अध्ययन क्षेत्रमा विभिन्न व्यक्ति, व्यक्तित्व, संस्थाहरूको धारणाको आधारमा माध्यमिक तहको शिक्षामा मगर बालबालिकाहरूको सहभागितामा प्रभाव पार्ने तत्वहरूको बारेमा अध्ययन गरिएको थियो । जसलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ आर्थिक तत्व

कमजोर हुनाको कारणले गर्दा मगर बालबालिकाको माध्यमिक तहको सहभागितालाई न्यून पारेको कुरामा सतप्रतिशत प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावक, विद्यार्थी र स्रोत व्यक्ति सहमत भएको पाइयो । जु कुरा मस्लोको आवश्यकताको सिद्धान्त र कार्लमाक्सको सामाजिक विभेदीकरणको सिद्धान्तसँग मेल खान्छ । त्यसकारण आर्थिक तत्वलाई सबैभन्दा महत्वपूर्ण तत्वको रूपमा लिन सकिन्छ ।

मास्लोको आवश्यकताको सिद्धान्त अनुसार मानिसलाई पहिलो आवश्यकता शारीरिक आवश्यकता हो । गाँस वास कपासको समस्या पहिलो हो । त्यसको पुर्ति पश्चात मात्र मानिसले अन्य आवश्यकताको खोजी गर्दछ । शिक्षा, सामाजिक मानसम्मानका कुराहरू त दोस्रो तेस्रो मा पर्न आउँछन् भनेझै यो सिद्धान्त मगर जातिमा पनि लागु हुन्छ । उनीहरूलाई शारीरिक आवश्यकता पूरा नै भएको छैन भने शिक्षाको आवश्यकताको महसुस नै छैन । उनीहरू भोको पेटले पढ्न सक्दैन भन्ने मान्यता राख्दछन् ।

### ४.३.१ सामाजिक तत्व

प्राचीन कालदेखि नै शिक्षालाई समाजका उच्च पदस्थ व्यक्तिमा सीमित  राखियो । कामको आधारमा जातको विभाजन गरी केही सामाजिक रूपमा उच्च मानिएका जातिले मात्र शिक्षाको अवसर पाए । बाहुन क्षेत्रीको काम अध्ययन, वैश्यहरूको काम पशुपालन कृषि,

व्यापार आदि जस्ता कार्यमा विभाजन भयो । यसै अन्तर्गत मगर पढ्नुपर्ने जाति भित्र परेन जसको असर अहिलेसम्म परेको छ भन्नेमा शतप्रतिशत प्र.अ. र स्रोतव्यक्ति सहमत भए । अन्तर्वार्ताका क्रममा अभिभावकहरूले त हाम्रो पढ्ने काम होइन समेत भनेको पाइयो । यस्तै जात अनुसारको सामाजिक व्यवहार, प्रचलन, रीतिरिवाज छन् । चाडवाड, भोजभतेर, मनोरञ्जनले पनि शैक्षिक उपलब्धिमा प्रभाव पारेको छ भन्नेमा ५०% अभिभावक, ७०% शिक्षक र शतप्रतिशत प्र.अ. सहमत भएको पाइयो । तसर्थ सामाजिक संस्कार र संस्कृतिले समाजका कारण नै शिक्षा सबैको हुन नसकेको कुरा प्रष्ट हुन्छ ।

कार्लमार्क्सको सामाजिक विभेदीकरणको सिद्धान्तले भने झैं समाजमा जातीय विभाजन हुन् जातअनुसार कामको विभाजन हुँदा मगर जातिको अध्ययन कार्य नपर्दा पनि उनीहरूको शिक्षामा सहभागिता शिक्षा विकास सँगसँगै हुन सकेन । तसर्थ यो सिद्धान्तले बताएझैंको अवस्था अझसम्म पनि हाम्रो समाजमा विद्यमान छ ।

### ४.३.३ भौगोलिक तत्व

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार मगर बालबालिकाको शिक्षा सहभागिता न्यून हुनको कारण भौगोलिक विकटता भएको कुरामा सबै उत्तरदाताहरू सहमत भएको पाइएको छ । अधिकांश मगर वस्ती माध्यमिक विद्यालयभन्दा धेरै टाढा छन् । उनीहरूलाई दैनिक ५ घण्टासम्म हिड्नु पर्ने कारणले गर्दा उनीहरू पाँच कक्षा पछि पढाइ छोड्नु परेको कुरामा अधिकांश अभिभावकले बताए । भर्ना भईहाले पनि हिड्दा दुःख एवम् अन्य कारणहरू जस्तै समयमै खाना एवम् खाजाको अभाव ले गर्दा पढाइलाई बीचैमा छोडेको कुरा शतप्रतिशत विद्यार्थीले बताए । मा.वि. शिक्षा लिन पनि कोठा भाडा लिनुपर्ने अवस्था छ । यसलाई पूरा गर्न सक्दैनन्, यो समस्याबाट मगर समुदाय पनि पीडित भएको कुरा सबै अभिभावक तथा ५०% शिक्षकले बताए ।

### ४.३.४ जनचेतनासम्बन्धी तत्व

विद्यालयमा मगर बालबालिकाको सहभागिता कम हुनुमा जनचेतनाको अभाव पनि जिम्मेवार छ भन्नेमा सबै उत्तरदाताको सहमति पाइयो । उनीहरूलाई सक्षम, सम्पन्न

नागरिक हुनलाई शिक्षा अनिवार्य छ भन्ने चेतना छैन भन्ने कुरा स्रोतव्यक्तिको धारणा पाइयो । शिक्षा नै यस्तो साधन हो जस्ले समाजमा विद्यमान विभेदहरूको अन्त्य गरी सामाजिक न्याय प्रदान गर्नुपर्छ भन्नेमा सबै प्र.अ. र वि.व्य.स. अध्यक्ष सहमत भए । अभिभावकहरूलाई माध्यमिक तहसम्मको पढाइमा छोराछोरीलाई विद्यालय नपठाउनुका कारणाहरू सम्बन्धी राखिएको प्रश्नमा ८०% उत्तरदाताहरूले शिक्षाको महत्व नबुझेर यसबाट हुने दीर्घकालीन फाइदाबारे अनविज्ञ भएर, १०% ले पढ्ने हाम्रो जातको काम नै होइन समेत भनेर विद्यालय नपठाएको धारणा व्यक्त गरे । १०% ले एकआधा पढेका पनि वेरोजगार भएको लाई उदाहरण दिँदै पढनमा खर्च गरे के हुन्छ बरु सानैदेखि केही काममा लागे आम्दानी हुन्छ भन्ने धारणा रहेको पाइयो । घर व्यवहार चलाउन सजिलो हुन्छ भनेर पढाइप्रति वितृष्णा भएको धारणा छ भन्ने मत स्रोत व्यक्तिको पाइयो । त्यस्तै केहीले घर धन्दा गर्नु पर्ने, छिटो विवाह जस्ता कारण पनि पढाइतिर नलाग्नुको कारण रहेको कुरा ७०% शिक्षकले बताए ।

यसरी अभिभावक आफैं चेतनशिल छैनन् भने राज्यले पनि तिनीहरूलाई चेतना दिन सकेको छैन । माध्यमिक तह त के प्रा.वि. तहकै शिक्षाबाट मगर बालबालिकाहरू बच्चित छन । सन् २०१५ सम्म सबैका लागि शिक्षा भन्ने जस्ता कर्याक्रमहरू पनि मगर समुदाय र बस्तीसम्म पुगेको अवस्था भेटिदैन ।

### ४.३.५ पाठ्यक्रमसम्बन्धी तत्व

अहिले पनि विद्यालय र क्याम्पसमा हुने पढाई सैद्धान्तिक मात्र हुनु व्यवहारिक र सीपमूलक शिक्षाको अभावमा शिक्षित बेरोजगार दिनप्रतिदिन बढ्दै गइरहेको कुरामा सबै उत्तरदाता सहमत भए । सीपमूलक शिक्षाको अभाव र शिक्षित बेरोजगारको समस्याले मगरहरू पनि शिक्षा प्राप्तिमा कम सहभागी हुने तथा शिक्षाप्रति वितृष्णा उत्पन्न भएको कुरा सबै शिक्षक र वि.व्य.स. अध्यक्ष सहमत भए । माध्यमिक तहसम्म सबै मगरहरूलाई सहभागी गराउन व्यवहारिक शिक्षा, वैज्ञानिक सीपमूलक र आत्मनिर्भर भएर बाँच्न सक्ने किसिमको हुनुपर्दछ भनी सबै उत्तरदाताले बताए । वर्तमान पाठ्यक्रमले सैद्धान्तिक विषयवस्तु मात्र समेटेको, दिनभर कक्षा कोठामा बसेर एकोहोरो सुनिरहनु पर्ने पट्यार र झर्को लाग्दो र रोजगार

मूलक हुन नसकेको शिक्षाले पनि सबै वर्ग र जातिलाई आकर्षण गर्न नसकिरहेको अवस्था छ भनेर स्रोत व्यक्तिले आफ्नो प्रतिक्रिया व्यक्त गरे ।

पाठ्यक्रमले व्यक्तिहरूको भावना र चाहनालाई प्रत्याभुत गरेको हुनुपर्छ । अहिलेको पाठ्यक्रमले पनि सबै वर्ग र जातिको भावना, चाहनालाई समेट्न सकेको छैन । पाठ्यक्रम पनि बाहुन क्षेत्री उन्मुख छ भनी सबै अभिभावकले आफ्नो धारणा राखे । मगरहरूलाई भाषिक समस्या पनि छ तर यो समस्यालाई पाठ्यक्रमले समेट्न सकेको छैन । पाठ्यक्रमले सबै वर्ग, लिङ्ग जाति विशेषसँगको सम्बन्धलाई समन्वयात्मक ढंगले स्थापित गर्न नसक्नुले पनि मगरको शिक्षामा  सहभागिता न्यून रहेको हो भन्न सकिन्छ ।

### ४.३.६ विविध तत्व

माध्यमिक तहमा मगर बालबालिकाहरूको सहभागितामा प्रभाव पार्ने अन्य तत्वमा खास गरी भाषिक समस्या, विद्यालयको भौतिक अवस्था, सामाजिक परिवेश आदिलाई उत्तरदाताले बताएका छन् । विद्यालयमा पर्याप्त भौतिक सुविधा नभएको, टाढाका विद्यार्थीलाई छात्रावासको व्यवस्था नभएको कारणले मगर बालबालिकालाई असर पारेको कुरा शिक्षकहरूले बताए । मगरको आफ्नो मातृभाषा हुने तर विद्यालयमा पढाईका माध्यम नेपाली हुनुले पनि शिक्षा प्राप्तिमा अप्ठ्यारो परेको कुरामा शतप्रतिशत प्र.अ. सहमत भए । मगर सामाजिक परिवेश पनि पढाइप्रति सकारात्मक छैन । वल्लो घरकोले पढेर राम्रो गरेर अर्को घरकाले सिक्ने वातावरण बनेको छैन यी यस्तै तत्वहरू पनि शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरू रहेका छन् ।

## ४.४ मगरहरूको शिक्षाप्रति विभिन्न सरोकारवालाको धारणा

अध्ययन क्षेत्रअन्तर्गत रहेका विद्यालयको सेवा क्षेत्रबाट मगर समुदायका वालबालिकाहरू अन्य जाति (विशेष गरी बाहुन क्षेत्री) सरह विद्यालय तहमा किन सहभागी हुन सकिरहेका छैनन् । विद्यालयमा भर्ना भै हाले पनि बीचैमा विद्यालय किन छाड्छन् ? भन्ने विषयमा

विभिन्न संघसंस्था र व्यक्ति सँगै राखिएको जिज्ञासामा प्राप्त प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.४.१ अभिभावक

अध्ययन क्षेत्रका अधिकांश अभिभावकहरूले आफ्ना बालबालिकाकले उच्च शिक्षा सम्म पढ्नुपर्छ भन्ने स्पष्ट धारणा पाइएन । उनीहरूको बुझाईमा पढेर केही नहुने बरु सानैदेखि कुनै इलममा लागे परिवार चलाउन आधार हुने र भोलीको उसको परिवारलाई पनि सहज हुने कुरा व्यक्त गरे । यसो भन्नुको मुख्यकारण बुझ्दा आर्थिक कठिनाइले गर्दा साँझ बिहानको छाक टार्न समस्या भोगिरहनुपर्ने अवस्थाले गर्दा नै हो भनी शतप्रतिशत अभिभावकले बताए । केही अलि अलि समय परिस्थिति बुझेकाले भेदभावपूर्ण शिक्षा नीति, भाषिक अप्ठेरो (मगर भाषामा पाठ्यक्रम नहुनु) जस्ता विषय पनि राख्नु पर्ने कुरा औंल्याए । २०% अभिभावकले त आफ्ना छोराछोरी पठनप्रति रुचि नै नदेखाउने धारणा पनि राखेका छन् । यी र यस्तै कारणबाट नै मगरको शिक्षामा सहभागिता न्यून हुन पुगेको कुरा व्यक्त गर्नु भयो ।

### ४.४.२ स्रोत व्यक्ति

जिल्लाको शैक्षिक कार्यक्रम निर्माण, सञ्चालन अनुगमन सुपरिवेक्षण, मूल्याङ्कन लगायत महत्वपूर्ण शैक्षिक गतिविधिको मुख्य जिम्मेवारी बोकेको संस्था जिल्ला शिक्षा कार्यलय हो । यसबाट पनि मास्लोले भनेझै पहिलो आवश्यकता नै पूरा नभएको सन्दर्भमा दोस्रो आवश्यकताले मगर समुदायलाई उत्प्रेरित गर्ने नसकेको अवस्था छ भन्ने धारणा पाइयो । अध्ययन क्षेत्रको नमुना छनोटमा सम्बन्धित क्षेत्रका श्रोत व्यक्ति एक भए तापनि अध्ययन अझ फराकिलो रूपमा बुझ्नको लागि जिल्ला शिक्षा कार्यलय पाल्पाका स्रोत व्यक्तिसँग माध्यमिक तहमा मगर बालबालिकाको सहभागिता कम हुनुमा कसको कमजोरी छ भनी राखिएको जिज्ञासामा अभिभावकलाई दोषी देखाइयो । उनीहरूले मगरहरू भोज भतेर जस्ता काममा अनावश्यक खर्च गर्न तयार हुन्छन् तर त्यो काममा कम खर्च गरी त्यो रकम शिक्षामा लगानी गर्न तयार हुँदैनन् । उनीहरूको शिक्षाप्रति सकारात्मक धारणा छैन तथा

उनीहरूलाई शैक्षिक जागरण ल्याउन राज्यले पनि प्रभावकारी कदम चाल्न नसक्नुले नै उनीहरूको शिक्षामा सहभागिता उत्साहजनक हुन नसकिरहेको अवस्था छ भनेको पाइयो ।

### ४.४.३ प्रधानाध्यापक तथा शिक्षक

विद्यालयको समग्र शैक्षिक विकास गर्न, शिक्षामा सबै जाति, जनजातिको समान सहभागिताका लागि विद्यालयका प्र.अ. तथा शिक्षक शिक्षिकाहरूको भूमिका महत्वपूर्ण हुन्छ । यिनीहरूको कार्यले पनि शिक्षामा बालबालिकाको सहभागितालाई असर पुऱ्याउँछ । विद्यालयमा पाइने राम्रो वातावरण एवम् व्यवहारबाट नै  केटाकेटीहरू विद्यालय जान उत्सुक हुन्छन् ।

विद्यालयमा मगर समुदायको पूर्ण सहभागिता नहुनुमा कुनकुन कारणले बाधा पुऱ्याएका छन् भनि प्र.अ. तथा अन्य शिक्षक शिक्षिकाहरूसँगको जिज्ञासामा धेरै उत्तरदाताहरूले समाजमा शिक्षासम्बन्धी जनचेतनाको कमी, सीपमूलक एवम् व्यवहारिक शिक्षाको कमी, शिक्षा नीतिमा समयानुकुल परीवर्तन हुन नसक्नु माध्यमिक तहसम्मको शिक्षा निःशुल्क नहुनु, अभिभावकको परम्परागत दृष्टिकोणमा परिवर्तन नहुनु, जस्ता कारणमाथि आफ्नो भनाई व्यक्त गरे ।

### ४.४.४ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

यस अध्ययन क्षेत्रका विद्यालयमा माध्यमिक तहको शिक्षामा मगरको पूर्ण सहभागिता नहुनुमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको प्रतिक्रिया लिँदा अधिकांशले शिक्षा अनिवार्य र निःशुल्क हुनु नसक्नुलाई नै जोड दिए । यसबाहेक पनि शिक्षा रोजगारमूलक एवम् सीपमूलक नहुनु, समयसापेक्ष रूपमा व्यवहारिक शिक्षाको अभाव तथा जनचेतनाको कमी जस्ता पक्षमा आफ्नो अभिमत व्यक्त गरे । शिक्षा नियमावलीमा विद्यालय व्यवस्थापन समितिको अधिकार स्पष्ट र उच्च रहे तापनि अध्ययन क्षेत्रका विद्यालय शैक्षिक अवस्था बुझ्दा उनीहरूले पनि शैक्षिक परिवेश सुधार्न सक्रिय भूमिका खेलेको पाइएन । विद्यालयमा प्र.अ.हरूकै हालिमुहाली नै उच्च  देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययनबाट प्राप्त भएका मुख्य मुख्य कुराहरूलाई सारांशको रूपमा यसप्रकार उल्लेख गरिएको छ :

## ५.१ प्राप्ति

अध्ययन क्षेत्रमा माध्यमिक तहमा मगर बालबालिकाको सहभागिता मध्यम पाइयो । माध्यमिक उमेर समूहका ६० प्रतिशतको भर्ना स्थिति पाइयो । विद्यालयमा सबै जाति जनजातिको पूर्ण सहभागिता हुनका लागि अझै केही अवरोधहरू छन् । यी अवरोधहरू परम्परागत मानसिकता, साँस्कृतिक आर्थिक तथा मनोवैज्ञानिक पक्षहरू हुन मगर जातिको जनसंख्या उल्लेख भएपनि ती समुदायका केटाकेटीहरूको विद्यालयमा सहभागिता न्यून नै रहेको पाइन्छ । यिनीहरूको सहभागिता कम हुनुको मुख्य कारण आर्थिक अवस्था हो भन्नेमा धेरैको सहमति रह्यो । अध्ययन क्षेत्रमा बाहुन/क्षेत्रीको सहभागिता लगभग ९५ प्रतिशत (विद्यालय उमेर समूह मध्ये) पाइयो । मगरहरूको शिक्षामा विद्यालय दुरीले पनि प्रभाव पारेको देखियो । ग्रामीण इलाकामा बसोबास गर्ने मानिसहरूको रुचि, क्षमता, आवश्यकता अनुसारको शिक्षा र शिक्षानितिको अभावले पनि मगरहरूको सहभागिता पूर्ण हुन नसकेको हो भन्ने गुनासा पनि रहे ।

प्राविधिक र व्यवसायमूलक शिक्षाको अभावका कारण शिक्षित वेरोजगार भएको जस्ले शिक्षाप्रति वितृष्णा जागेको पाइयो । जसको प्रभाव मा.वि. शिक्षाको सहभागितामा परेको हो भन्ने स्वीकारोक्ति पाइयो । प्रयाप्त शैक्षिक लगानी गर्न सरकारले नसक्दा विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेकोमा शिक्षा स-शुल्क हुनुले पनि मगरको सहभागितामा असर परेको देखिन्छ । अध्ययन क्षेत्रमा विद्यालयहरू भौगोलिक नक्सांकन विना

समाजका उच्च पदस्त जातिहरू, बोलवाला व्यक्तिहरूको सुविधामा विद्यालय खोल्नुले पनि सबै वर्ग जाति समुदायलाई पूर्ण रूपमा समेट्न नसकेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका तथ्य र तथ्याङ्कलाई सैद्धान्तिक चिन्तनको आधारमा गरिएको व्याख्या विश्लेषण अनुरूप प्राप्त भएका निष्कर्षहरू यस प्रकार छन् :

मास्लोले मानिसहरूका आवश्यकताहरू एकपछि अर्को गर्दै श्रृंखलाबद्ध हुने र आधारभूत आवश्यकता पूरा नभई अन्य आवश्यकतासम्म पुग्न सक्दैन भनेझैं अध्ययन क्षेत्रमा समेत यसको प्रत्यक्ष प्रभाव परेको पाइयो । गाँस, बास र कपासको समस्या कसरी समाधान गर्ने भनेर सोचिरहेको अवस्थामा शिक्षा आर्जनका लागि केटाकेटीहरू उपर आर्थिक लगानी गर्न, समय दिन सकेका छैनन् ।

सबै जातजाति लगायत मगरको कम्तीमा पनि माध्यमिक शिक्षासम्म समान, अनिवार्य सहभागिताका लागि शिक्षालाई पूर्ण निःशुल्क गर्दै पढाइ सँगसँगै सानोतिनो रोजगारीको पनि व्यवस्था गर्नुपर्ने आवश्यकता छ । कतिपय अवस्थामा व्यवस्थीत अनौपचारीक एवम् खुल्ला शिक्षाको व्यवस्था गरी हालको शिक्षाको अवसरलाई अझ फराकिलो पार्नुपर्ने आवश्यकता देखिन्छ मगर, समुदायमा एक त शिक्षाको पहुँच नै छैन त्यसमा पनि अझै पनि पछि पारिएको छ तसर्थ ती केटाकेटीहरूलाई पनि माध्यमिक शिक्षासम्म ल्याउनका लागि उनीहरूलाई छुट्टै ढंगले छात्रवृत्ति दिएर छोरीलाई पढाउने परिवारलाई केही आर्थिक सहयोग सरकारी ढंगबाट गर्नुपर्ने, उनीहरूका बाबुआमालाई उनीहरूकै घरमा गएर सम्भाउनुपर्ने जस्ता प्रक्रियाहरू अपनाउनुपर्ने कुरो अध्ययनले देखाउँछ । अध्ययन क्षेत्रका अभिभावकहरूले पढेकाले पनि स्वदेशमै रोजगारी नपाएको विदेशीनु परेको यसरी विदेशीदा माध्यमिक शिक्षा हासिल गरेका र नगरेकामा आर्थिक लाभमा (कमाइमा) कुनै अन्तर नभएको बताउनु भयो यो अवस्थाले पनि शिक्षालाई व्यवसायीक एवम् प्राविधिक बनाउनुपर्ने आवश्यकता टड्कारो रहेको छ ।

मास्लोले भनेझैं मगर जातिहरूका अनिवार्य आवश्यकतालाई पूरा गर्ने वातावरणको सृजना गर्दै शिक्षाप्रति उत्प्रेरित गर्नुपर्ने आवश्यकता देखिन्छ उनीहरू शिक्षाप्रति आकर्षित छैनन् उनीहरूलाई शिक्षाले गुणस्तरीय जीवनलाई साकार बनाउँछ भनेर बुझाउन आवश्यक छ । सामाजिक रूपमा रहेका कुप्रथा, परम्परावादी सोचलाई हटाउँदै, कुनै पनि जाति विशेषको मात्र शिक्षा प्राप्त गर्ने अधिकार हो भनि कुप्रथालाई हटाउँदै प्रत्येक व्यक्तिको सक्षमतालाई समेट्न सक्ने व्यवहारिक र वैज्ञानिक किसिमको पाठ्यक्रम निर्माण गरी लागू गरेमा मात्र सबैको शैक्षिक पहुँचलाई सुनिश्चित गर्न सकिन्छ । कार्ल माक्सले भने झै सामाजिक विभेदले पनि प्रभाव पारेको छ । धनी र गरीवको वीचमा शैक्षिक सहभागिता र पहुँचमा खाडल विद्यमान छ ।

## ५.३ सुझावहरू

मगर बालबालिकाहरूको शिक्षामा सहभागिताको सम्बन्धमा केही सुझावहरू प्रस्तुत गरिएका छन् । ती सुझावहरूलाई तीन तहमा विभाजन गरिएको छ । जुन यस प्रकार छन् :

### ५.३.१ नीतिगत तहका सुझावहरू

यस अध्ययनको आधारमा नीतिगत रूपमै विभिन्न निकायहरूले तय गर्नु पर्ने कुराहरूलाई सुझावका रूपमा उल्लेख गरिएको छ :

सरकार शैक्षिक नीति निर्माणको उच्च निकाय हो । यसैले बनाएको ऐन नियमावलीबाट नै देशका सम्पूर्ण नागरिकहरूको शिक्षा प्राप्तिको अवसर सुनिश्चित हुन्छ तसर्थ सरकारले मगर जातिलाई शैक्षिक घेराभित्र ल्याउन मगरकालागि कम्तिमा पनि माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने, विद्यालयमा मगर बालबालिकाको सहभागिता वृद्धि गर्न मगरलाई छात्रवृत्तिको व्यवस्था गर्ने र मगर अविभाभकलाई उनिहरूले आफ्ना छोरा छोरीलाई माध्यामिक तह सम्म पढाएमा पढाउनका लागि चाहिने आवश्यक खर्च अनुदानका रूपमा दिने जस्ता नीति बनाउने ।

आफ्नो जिल्लाको परिवेश अनुसार जिल्ला तथा स्थानिय तहले पनि आफ्नो तहबाट शैक्षिक नीति निर्माण गरी लागु गर्न गराउन सक्छ जसले मगरको शैक्षिक सहभागिता बढाउन मद्दत गरोस् । जसअन्तर्गत मगर वस्तिहरूलाई लक्षित गरी विशेष वजेट छुट्याउने छात्रवृत्ति दिने जनचेतनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने विनि स्रोतव्यक्तिहरूलाई मगर जनसंख्या बढी भएको क्षेत्रका विद्यालयमा पठाई समस्याको पहिचान गर्ने समाधान गर्न सकिने समस्यालाई समाधानगर्ने आफूले गर्न नसकिने समस्याहरूलाई जिल्लागत रूपमा समाधान गर्ने नीति बनाउने ।

विद्यालय नै त्यस्तो निकाय हो जसले आफ्नो सेवाक्षेत्र भित्रका वास्तविक समस्यालाई नजिकबाट बुझेको हुन्छ तसर्थ मगर बसोबास भएका क्षेत्रका विद्यालयहरूले आफ्नै पहलबाट पनि मगर बालबालिकालाई विद्यालय आकर्षणका लागि कार्यक्रम बनाउन सक्छ जसमा आफ्नै कोषबाट भए पनि छात्रवृत्ति दिने, छात्रावासको प्रबन्ध मिलाउने, विद्यलायका प्र.अ. शिक्षकहरू मगरका प्रत्येक घर घरमा पुगी शिक्षाको महत्व बुझाउने, उनीहरूका छोराछोरीहरूलाई विद्यालय पठाउन आग्रह गर्ने, अवसर आउँदा मगरलाई पहिलो प्राथमिकता दिने, विद्यालयमा मगर बालबालिकाका समस्याहरूलाई नजिकबाट बुझ्ने समस्या समाधानका लागि प्रयास गर्दै जाने नीति बनाउने ।

### ५.३.२ अभ्यास तहका सुझावहरू

यस अध्ययनको आधारमा अभ्यास तहका सुझावहरूलाई यस प्रकार छन् । अभिभावकहरूमा आफ्नो बालबालिकाहरूले कम्तीमा विद्यालय शिक्षा पूरा गर्नु पर्ने तथा आफ्नो बालबालिकाहरूप्रति रहेको उत्तरदायित्वबारे चेतना जगाउन विभिन्न चेतनामूलक कार्यक्रमहरू गाउँगाउँमा तत्काल सुरु गर्नुपर्ने, यसका लागि जिल्ला तथा विद्यालय तहबाटै पहल गर्ने, परिवार योजना कार्यक्रमलाई अभियानका रूपमा सुरु गरी यी कार्यक्रमहरूलाई आयमूलक कार्यक्रमसँग सम्बन्धित गराई गरिब परिवारको आय आर्जन गर्नु सामर्थ्य बढाउने, शीघ्र तथा बालविवाह, चेलीबेटी बेचविखन जस्ता अव्यवहारिक, असामाजिक कार्यहरूका विरुद्ध चेतना तथा सुझाव मूलक कार्यक्रमहरू गाउँगाउँमा सञ्चालन गर्ने यसमा जिल्ला शिक्षा कार्यालय, विद्यालयले प्रमुख भुमिका निभाउनु पर्ने, अपराध गर्ने उपर

कडा कारवाही गर्ने प्रावधान मन्त्रालय स्तरबाटै निर्माण गर्नु पर्ने, शिक्षासँग सम्बन्धित विभिन्न संघ संस्था तथा सरोकारवालाहरूलाई सक्रिय बनाउने, लागू गरिएका कार्यक्रमहरू पनि कति फलदायी भए, लक्षित वर्गसम्म पुगे पुगेनन् दुर्वल पक्षहरू भए त्यसको निराकरणका लागि बारम्बार अनुगमन, सुपरीवेक्षण गरिरहने, शिक्षाको महत्व बुझाउन विद्यार्थीको समस्या पत्ता लगाई समाधान गर्न आवश्यक सहयोग र सुझाव दिनका लागि समय समयमा अभिभावक, शिक्षक र विद्यार्थीहरूका बीचमा भेला तथा छलफल गर्ने जस्ता नीति तथा कार्यक्रमहरू गर्ने गराउने । लक्षित वर्गलाई बढी भन्दा बढी सहभागी गराइ शैक्षिक योजना, नीति निर्माण गर्ने, चेतना अभिबृद्धि गर्ने, कार्यान्वयन र मूल्याङ्कनमा समेत सहभागी गराउनु पर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तहका सुझावहरू

जातीय समानता कायम गर्ने ठोस रूपमा योगदान पुऱ्याउने अनुसन्धान पद्धतिको विकासमा जोड दिनु पर्दछ । किनभने मगर शिक्षा सम्बन्धित अहिलेसम्म गरिएका अनुसन्धानहरू केही सीमित क्षेत्र र भौगोलिक रूपमा सुविधायुक्त ठाउँमा मात्र गरिएका छन् । यी अनुसन्धानका निष्कर्षले समग्र देशको मगर समुदायको शैक्षिक उत्थानमा सहयोग पुऱ्याउन सक्दैनन् तसर्थ वास्तविक रूपमा प्रतिफल प्राप्त गर्नका लागि मगरहरू पछि पर्नाका वास्तविक कारणहरूको पहिचान गर्न एउटा विषय क्षेत्रमा गरिएको अनुसन्धानले मात्र पुग्दैन, एउटा कोशेढुङ्गा भने हुन सक्दछ तसर्थ मगरको आर्थिक अवस्था, चेतना स्तर, शिक्षाले पारेको प्रभाव, शैक्षिक धारणा आदी जस्ता क्षेत्रमा आधारित अनुसन्धान गर्न जरुरी देखिन्छ ।

यो अध्ययन पनि सानो समूहमा गरिएको, छनौटमा परेका अभिभावक पनि मगर समुदायकै तुलनात्मक रूपमा टाठाबाठा नै परेकोले ती सबै आर्थिक सामाजिक पक्षमा पछि परेकाहरूलाई समेट्न सकेको छैन । विद्यालय भर्ना भएका बालबालिकाहरू पनि मगर समुदायका आर्थिक सामाजिक रूपमा थोरै भए पनि सक्षम नै परिवारका परेकाले पनि सम्पूर्णतालाई समेट्न नसकेको कुरा पनि प्रष्ट छ । तसर्थ अब गरिने अनुसन्धान आर्थिक, सामाजिक, सांस्कृतिक पक्षबाट कमजोर भएका क्षेत्रहरूमा गएर गरिनु पर्दछ, मगर जातिका मानिसहरूले शिक्षा प्राप्तिबाट गर्न सकेका उपलब्धीहरू, त्यस्ता व्यक्तिहरूले यापन गरेका गुणस्तरीय जीवन पद्धतिलाई समेटेर अरुलाई उदाहरण दिने गरिनु पर्दछ, मगरहरूको शैक्षिक

दृष्टिकोणको बारेमा अझ यो भन्दा पनि बुझ्न दुर्गम ठाउँ जहाँका वासिन्दा विकासका पूर्वाधारहरूबाट पूर्ण रूपमा पछाडि परेका छन् त्यस्ता वस्तिहरूमा पुगरे उनीहरलाई शिक्षाको पहुँचमा आउन नसक्नुका कारणहरूको खोजी गर्नमा केन्द्रित रही गरिनुपर्दछ ।

# सन्दर्भसूची

काफ्ले, बासुदेव र अन्य (२०६१), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, विद्यार्थी प्रकाशन तथा वितरक कमलपोखरी काठमाडौं ।

काफ्ले, वासुदेव र अन्य (२०५९), शिक्षामा सामाजिक न्याय प्रवर्धन, कीर्तिपुर : सनलाइट पब्लिकेशन, स्टुडेन्टस बुक्स काठमाडौं ।

ढकाल, रामजीप्रसाद (२०६६), प्राथमिक तहमा मगर बालबालिकाको सहभागिता, अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५९), राष्ट्रिय जनगणना प्रतिवेदन (२०५८), काठमाडौं ।

के.सी., रामबहादुर (२०६६), माधयमिक विद्यालयमा छात्रा सहभागिताको अवस्था अध्ययन अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग त्रि.वि. ।

कोइराला, विद्यानाथ तथा चन्द्रबहादुर श्रेष्ठ (२०५९), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर काठमाडौं : स्टुडेण्ट बुक्स पब्लिकेशन ।

छापामा जनजाति (२०६३), जनजाति महासंघ, ललितपुर ।

जिल्ला वस्तुगत विवरण (२०६५), पाल्पा : लेखक ।

जिल्ला वस्तुगत विवरण, (२०६४), पाल्पा : लेखक ।

जिल्लागत शैक्षिक झलक (२०६५), जि.शि.का पाल्पा : लेखक ।

जिल्लागत तथ्याङ्क विवरण (२०६४), केन्द्रीय तथ्याङ्क विभाग ।

विद्यालय शिक्षा सम्बन्धि सुचना संगालो (२०६३), शिक्षा विभाग भक्तपुर : सानोठिमी ।

राष्ट्रिय जनगणना (२०५८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

शिक्षा जगतको पत्रिका (२०६४), 'शिक्षा' विभाग, सानो ठिमी

शैक्षिक सुचना संगालो (२०६३), शिक्षा विभाग ।

शैक्षिक स्मारिका (२०६५), सानोठिमी भक्तपुर, नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

शैक्षिक क्यालेण्डर (२०६५), जि.शि.का. पाल्पा : लेखन ।

सबैका लागि शिक्षा २००४-२००९ (२०६३), नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, काठमाडौं, हिसी प्रिन्टिङ्ग प्रेस ललितपुर ।

शर्मा एण्ड शर्मा (२०६४), शिक्षाका आधारहरू एम. के पब्लिसर्स एण्ड काठमाडौं : भोटाहिटी ।

शिक्षा साप्ताहिक वर्ष २, अंक २० आइतबार साउन ४ (२०६६) ।

CERID (1987), An Inquiry in to the Cause of Primary School Dropents in Rural Areas, Kathmandel: Author.

CERID (1988), Universalization of Primary Education of Disadvantaged Population Group, Report of a National and of a Seminar 7-11 November, Tripureshor: CERID.

CERID (1990), Educationally Disadvantage Population, Group Kathmandu: A Study Report T.U. Kirtipur.

# परिशिष्ट-१

## अभिभावकका लागि प्रश्नावली

अभिभावकको नाम थर : लिङ्ग :

ठेगाना : पेसा :

परिवारको संख्या : शैक्षिक योग्यता

१. तपाईको छोराछोरी कति छन् ?

..........................................................................................................

२. सबै विद्यालय गएका छन की छैनन् ।

क) गईरहेका छन ख) गएका छैनन ग) कहिलेकाही जान्छन्

३. सबै विद्यालय गएका छैनन भने नजानुको कारण के हो ?

..........................................................................................................

४. तपाईको परिवारमा माध्यमिक तहमा अध्ययन गर्ने बालबालिका कति छन् ?

..........................................................................................................

५. कति कति कक्षामा पढ्छन् ?

..........................................................................................................

६. मगर समुदायका बालबालिकाहरू असफल हुने, विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने गर्दछन् यसका कारण के हुन् ?

..........................................................................................................

७. मगर समुदायका विद्यार्थीलाई कक्षा १० सम्मै नियमित पढाउन के के गर्नुपर्छ ?

..........................................................................................................

८. माध्यमिक शिक्षा उत्तीर्णपछि तपाइले आफ्ना छोराछोरीहरूलाई उच्च शिक्षा पढाउनु हुन्छ ?

## मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता

## परिशिष्ट-२

## शिक्षकका लागि प्रश्नावली

| | |
|---|---|
| शिक्षकको नाम थर : | लिङ्ग: |
| ठेगाना : | पढाउने विषय: |
| विद्यालयको नाम : | शैक्षिक योग्यता : |

१. तपाई कति कति कक्षामा अध्यापन गर्नु हुन्छ ?

..................................................................................................

२. तपाइले अध्यापन गर्ने विषयमा विद्यार्थी अनुतीर्ण दर कस्तो छ त्यसमा पनि मगर बालबालिकाको स्थिति के छ ?

..................................................................................................

३. मगर विद्यार्थीहरू बढी असफल हुनका कारण के के होलान् ?

..................................................................................................

४. तपाईँको कक्षामा मगर विद्यार्थीहरूको सहभागिता कस्तो छ ?

..................................................................................................

५. मगर विद्यार्थीहरू कुन विषयमा बढी कमजोर छन् ?

..................................................................................................

६. कतिपय विद्यार्थीहरू बीचैमा कक्षा छाड्ने, अनुत्तीर्ण हुने कक्षा दोहोऱ्याउनुका कारणहरू के-के हुन ?

..................................................................................................

७. विद्यार्थीलाई पढाइप्रति उत्प्रेरित गर्न के गर्नु हून्छ, गल्ति गरेमा कस्तो सजायँ दिनुहुन्छ ?

..................................................................................................

८. विद्यार्थीलाई पढाइप्रति उत्प्रेरित गर्न के-कस्ता कार्यहरू गर्नुहुन्छ ?

..................................................................................................

९. तामाङ्ग विद्यार्थीहरू गृहकार्य कत्तिको गर्छ ?

..................................................................................................

## मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता

## परिशिष्ट-३

## प्र.अ.का लागि प्रश्नावली

नाम थर : लिङ्ग:

ठेगाना : पढाउने विषय:

विद्यालयको नाम : शैक्षिक योग्यता :

१. तपाईको विद्यालयमा माध्यमिक तहमा मगर समुदायका विद्यार्थीहरू कति छन् ?

........................................................................................................

२. मगर समुदायका बालबालिकाहरू दैनिक उपस्थित दर कस्तो छ ?

........................................................................................................

३. कम उपस्थित भए कारण के होला ?

........................................................................................................

४. माध्यमिक तहमा मगर समुदायको बालबालिकाहरूको संख्या वृद्धि गर्न के कस्ता प्रयासहरू गर्नुभएको छ ?

........................................................................................................

५. विद्यालयमा भौतिक उपलब्धताको स्थिति कस्तो छ ?

........................................................................................................

६. मगर समुदायको बालबालिकाहरूलाई छात्रवृति दिनु भएको छ छैन ?

........................................................................................................

७. विद्यार्थीको कक्षा छाड्ने, अनुर्तिण हुने, विद्यार्थी आउन नमान्ने प्रवृत्ति लाई कसरी नियन्त्रण गर्नुहुन्छ ?

........................................................................................................

८. मगर समुदायका विद्यार्थीहरूलाई माध्यमिक तहसम्म आकर्षण गर्न के-कस्ता सुविधा प्रदान गर्नु भएको छ ?

........................................................................................................

# मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता

## परिशिष्ट - ४

## विद्यार्थीहरूका लागि प्रश्नावली

विद्यार्थीको नाम थर : लिङ्ग :

ठेगाना : कक्षा :

विद्यालयको नाम : रोल नं. :

१. तिमी विद्यालयमा दैनिक उपस्थित हुन्छौं ?

क) हुन्छु ख) हुदैंन

२. हुन्न भने नहुनुका कारण के के छन् ?

..........................................................................................................

३. ाकहरूले पढाएको कत्तिको बुझ्छौ ?

..........................................................................................................

४. तिम्रो समुदायका सबै बालबालिकाहरू माध्यमिक शिक्षा हासिल गर्न के के सुविधा पुऱ्याउनु पर्ला ?

..........................................................................................................

५ पढाएका समस्याहरू के के छन् ?

..........................................................................................................

६. घरका तिम्रो अभिभावको तिम्रो पढाइप्रति कत्तिको सहयोग गर्नुहुन्छ ?

..........................................................................................................

# मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता

## परिशिष्ट-५

## तथ्याङ्क सङ्कलन फाराम

विद्यालयको नामः-

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मगर बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ९ | | | | | | |
| १० | | | | | | |

## परिशिष्ट-६

### अध्ययन क्षेत्रको विद्यालयहरूमा माध्यमिक तहमा जातिगत रूपमा भर्ना स्थिति

| क्र सं | विवरण | २०६४ | | २०६५ | | २०६६ | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० |
| १ | मगर | २३ | ९ | २४ | १२ | १५ | २२ |
| २ | बाहुन / क्षेत्री | १४० | १३२ | १२२ | १०१ | ९२ | १११ |
| ३ | दलित (कामी/दमाई) | ७ | २ | ७ | ४ | २ | ६ |
| ४ | अन्य (मगर बाहेक जनजाति) | २८ | २८ | ४१ | २९ | ३५ | ४३ |
| | जम्मा | १९८ | १८१ | १९४ | १४६ | १४४ | १८२ |

स्रोत : विद्यालय सवेक्षण, २०६६

# मगर समुदायका बालबालिकाको माध्यमिक शिक्षामा सहभागीता

## परिशिष्ट ७

## मगर र गैरमगर विद्यार्थीहरूबीचको शैक्षिक उपलब्धीको तुलनात्मक स्थिति

| जम्मा विद्यार्थी | | | | मगर विद्यार्थी | | | | मगर बाहेकका जनजाति | | | | बाहुन क्षेत्री | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण | अनुत्तीर्ण | छाड्ने | जम्मा | उत्तीर्ण |
| १४० ( ७०.७१) | ४४ ( २२.२२) | १४( ७.०७) | १९८ ( १००) | १५ ( ६५.२१) | ६ (६.०९) | २ (८.७) | २३ (१००) | १९ ( ६७.८६) | ५ (१७.२९) | ४ (१४.२८) | २८ (१००) | १०२ (७२.८६) | ३२ (२२.८६) | ६ ( ४.२८) | १४० (१००) | ४ ( ५७.१४) |
| १७० ( ९३.९२) | ३ ( १.६६) | ८ ( ४.४२) | १८१ ( १००) | १९ (१००) | - | - | १९ ( १००) | २८ (१००) | - | - | २८ (१००) | १२१( ९१.६७) | ३( २.२६) | ८ ( ६.०६) | १३२ (१००) | २ (१००) |
| १७२ (८८.६६) | - | २२ ( ११.३४) | १९४ ( १००) | २० ( ८३.३३) | - | ४ ( १६.६७) | २४ ( १००) | ३७ ( ९०.२४) | - | ४ (९.७६) | ४१ (१००) | ११० ( ९०.१६) | - | १२ (९.८४) | १२२ (१००) | ५ (७१.४३) |
| १४४ ( ९८.३६) | २ (१.३६) | - | १४६ ( १००) | १२ (१००) | - | - | १२ (१००) | २८ (९६.५) | १ (३.४५) | - | २९ (१००) | १०० (९९.०१) | १ (०.९९) | - | १०१ (१००) | ४ (१००) |
| ११७ ( ८१.२५) | १६ (११.११) | ११ (७.६४) | १४४ ( १००) | १२ ( ८५.७२) | १ (७.१४) | १ ( ७.१४) | १४ ( १००) | २६ ( ७८.७९) | ४ ( १२.१२) | ३ (९.०९) | ३३ (१००) | ७७ ( ८२.८०) | ११ ( ११.८३) | ५ (५.३७) | ९३ (१००) | २ (१००) |
| १४४ ( ७९.१२) | ३६ ( १९.७८) | २ (१.१) | १८२ ( १००) | १९ ( ८६.३६) | ३ (१३.६४) | - | २२ ( १००) | ३६ ( ६०.४७) | १७ ( ३९.५३) | - | ४३ (१००) | ९५ (८५.५९) | १४ १२.६१ | २ (१.८) | १११ (१००) | ४ ( ६६.६७) |

स्रोत : विद्यालय नतिजा अभिलेख